# भवानी थापाको 'सुनामी' कविता सङ्ग्रहको विश्लेषण

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह**

**दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका**

**निम्ति प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**खिनमाया कुइकेल**

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०७०

# शोध-निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग एम.ए. दोस्रो वर्षकी विद्यार्थी खिनमाया कुइँकेलले**भवानी थापाको 'सुनामी' कविता सङ्ग्रहको विश्लेषण**शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको उहाँको शोधकार्यप्रति म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०/१२/१४

...............................

**बालाकृष्ण अधिकारी**

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग,

त्रि.वि.कीर्तिपुर

काठमाडौँ

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र**

**सङ्काय, नेपाली केन्द्रीय विभाग,**

**कीर्तिपुर, काठमाडौँ**

मिति : २०७०/१२/३०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरकी छात्रा खिनमाया कुइँकेलले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **भवानी थापाको सुनामी कवितासङ्ग्रहको विश्लेषण** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| (१) प्रा.डा.देवी प्रसाद गौतम | |
| (विभागीय प्रमुख) | ............................ |
| (२) बालाकृष्ण अधिकारी | |
| (शोधनिर्देशक) | ............................ |
| (३) प्रा. डा. दयाराम श्रेष्ठ | |
| (बाह्य परीक्षक) | ........................... |

# कृतज्ञताज्ञापन

प्रस्तुत**भवानी थापाको 'सुनामी' कविता सङ्ग्रहको विश्लेषण**शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौ पत्रको प्रयोजनका लागि तयार पारेकी हुँ । प्रस्तुत शोधपत्र आदरणीय गुरु बालाकृष्ण अधिकारीको निर्देशनमा तयार पारेको हुँ । यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय उपलब्ध गराई पथप्रदर्शन /निर्देशन गर्नुहुने शोधनिर्देशकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभाग तथा विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधपत्रको निर्माणमा आफ्नो समय, श्रम खर्च गरी सहयोग गर्नु हुने शोधनायक भवानी थापाप्रति हार्दिक आभार प्रकट गर्दछु ।शोधपत्र तयार गर्ने कार्यमा आफ्नो कार्यव्यस्ततालाई परवाह नगरी अमूल्य समय निकालेर समयसमयमा सल्लाह, सुझाव तथा हौसला दिई उत्प्रेरित गर्ने नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति कृतज्ञताज्ञापन गर्दछु ।

यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष  गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुर्‍याउने पिता शान्तिराम कुइकेल तथा श्रीमान गोविन्द भट्टराई र छोरी अनुपमा भट्टराईप्रति कृतज्ञ छु । साथै आवश्यक सामग्री सङ्कलन गर्न अमूल्य सहयोग गर्नुहुने भिनाजु बलराम गौतमप्रति पनि कृतज्ञ छु । त्यसैगरी प्रस्तुत शोधपत्रको पाण्डुलिपिलाई टङ्कन गरीसहयोग गर्ने बहिनी देवीका काफ्लेप्रति आभार प्रकट गर्दछु ।

मिति : २०७०/१२/...

शैक्षिक सत्रः २०६५/६७

त्रि.वि.दर्ता नम्बर ....

क्रमाङ्कः ....

खिनमाया कुइकेल

...........

# सङ्क्षेपीकृत रूप

| | | |
|---|---|---|
| आई.ए | = | इन्टर मेडियट इन आर्टस |
| इ.पू | = | इसा पूर्व |
| उ.शी. | = | उप शीर्षक |
| गो.प. | = | गोरखापत्र |
| डा. | = | डाक्टर |
| त्रि.वि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| नं. | = | नम्बर |
| ने.क.पा. | = | नेपाल कम्युनिष्ट पार्टी |
| ने. रा. प्र. प्र. | = | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | = | पृष्ठ |
| प्रा. | = | प्राध्यापक |
| वि.प्र. | = | विचार प्रवाह |
| वि.सं. | = | विक्रम सम्वत् |
| र.का. | = | रचना काल |
| सम्पा. | = | सम्पादक |

# विषय सूची


| | |
|---|---|
| **परिच्छेद : एक** | **पेज नं** |
| **शोध परिचय** | **१-५** |
| १.१. विषय परिचय | १ |
| १.२ समस्याकथन | १ |
| १.३ शोधकार्यका उद्देश्यहरू | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य | ३ |
| १.६ शोधविधि | ४ |
| १.६.१ सामग्री सङ्कलन विधि | ४ |
| १.६.३ सामग्री विश्लेषणको सौद्धान्तिक आधार र ढाँचा | ४ |
| १.६.३ शोधकार्यको सीमाङ्कन | ४ |
| १.७ शोधपत्रको रूपरेखा | ५ |
| **परिच्छेद : दुई** | |
| **कविताको सैद्धान्तिक स्वरूप** | **६-१५** |
| २.१ विषय परिचय | ६ |
| २.२ कविता सम्बन्धी पूर्वीय चिन्तन | ६ |
| २.३ कविता सम्बन्धी पाश्चात्य चिन्तन | ७ |
| २.४ कविता सम्बन्धी नेपाली विद्वानहरूको चिन्तन | ९ |
| २.५ कविताका तत्त्वहरू | ९ |
| २.५.१ मूल भाव/विचार | १० |
| २.५२ छन्द र लय | १० |
| २.५.३ भाषाशैली | ११ |
| २.५.४ कविताको विधागत स्वरूप तथा आयाम | ११ |
| निष्कर्ष | १५ |
| **परिच्छेद : तिन** | **१६-५५** |

३ भावनी थापाका सुनामी कविता सङ्ग्रहको केन्द्रीय कथ्य एवम् भावविधान १६
३.१ विषय परिचय १६
३.१.१ नेपाली समाजका विसङ्गत अवस्थालाई कथ्य बनाइएका कविता १६
३.१.२ राष्ट्रियता सम्बन्धी कथ्य रहेका कविता २४
३.१.३ नारी समस्या सम्बन्धी कथ्य रहेका कविताहरू २८
३.१.४ मानवीय स्वतन्त्रता सम्बन्धी कथ्य रहेका कविता ३४
३.१.५ प्रेम-प्रणयलाई कथ्य बनाइएका कविताहरू ४२
३.१.६ मानवीय जीवनका विभिन्न पक्ष र भाव सम्बद्ध कविताहरू ४५
३.१.६.१ विद्रोहको भाव व्यक्त भएका कविता ४५
३.१.६.२ श्रद्धाभाव व्यक्त भएका कविताहरू ४८
३.१.६.३ मानवलाई कथ्य बनाइएका कविताहरू ५०
३.१.६.४ विवशता वा बाध्यता नै कथ्य भएका कविताहरू ५१
३.१.६.५ मुख्य रूपले प्रकृतिको चित्रण गरिएका कविता ५३
३.२ निष्कर्ष ५५
**परिच्छेद : चार** **५६-५९**
४ भावनी थापाका सुनामी कविता सङ्ग्रहको लय विधान ५६
४.१ विषय परिचय ५६
४.२ गद्य कवितामा प्रयुक्त लय विधान ५६
४.३ निष्कर्ष ५९
**परिच्छेद : पाँच** **६०-६८**
५भावनी थापाका सुनामी कविता सङ्ग्रहको भाषाशैली ६०
५.१ विषय परिचय ६०
५.२ भाषाशैली ६०
५.३ निष्कर्ष ६८
**परिच्छेदः छ** **६९-७३**
सारांश तथा निष्कर्ष ६९
५. १ विषय परिचय ६९
५.२ सारांश ६९

५.३ निष्कर्ष ७१

## पहिलो परिच्छेद

# शोध परिचय

### १.१. विषय परिचय

नेपाली साहित्यको क्षेत्रमा विशेष गरी कविता सङ्ग्रह क्षेत्रबाट कलम चलाई साहित्यमा प्रवेश गरेकी साधक भवानी थापाको जन्म वि.सं. २०१७ साउन २० गते भोजपुर जिल्ला टक्सार गा.वि.स.मा भएको हो । उनका बुबा चन्द्र बहादुर र आमा उमा कार्की हुन् । थापाले औपचारिक रूपमा कक्षा दससम्मको अध्ययन पुरा गरेको देखिन्छ । सानैदेखि कथा, कविता, निबन्ध लेखनमा रुचि राख्ने थापाका २०५६ सालमा **सुनामी** शीर्षकको कविता सङ्ग्रह नै पहिलो प्रकाशित कृति हो । यिनका कविता यर्थाथमा आधारित छन् । यथार्थको नजिक अत्यन्त संयमित अनुशासित र मर्यादित ढङ्गबाट आएको परिवर्तन दीर्घकालीन हुन्छ भन्ने भाव यिनका कविता सङ्ग्रहका कवितामा रहेको छ । यिनका रचनामा विशेष गरी समसामयिक विकृति, विसङ्ति, हत्या अनैतिकता र अपाङ्गहरूका पीडा जस्ता पक्षहरूको चित्रण र त्यसको सुधारको चाहना पाइन्छ । त्यस्तै गरी **उजेलीहरू** (२०६०) कथा सङ्ग्रह उनको दोस्रो प्रकाशित कृति हो । यसमा समाजको एक वर्ग एक हिस्सा एक विचारले आफ्नो चिनारी नपाएर रक्सीको साहारामा पलायन हुँदै जीवन भुल्ने प्रवृत्तिको एक झल्को प्रस्तुत गरिएको छ । त्यस्तै उनका **गोरखापत्र, उत्सव, नौलो कोसेली, आगमन, उपहार, विचार प्रवाह, श्रीनगर**जस्ता पत्रपत्रिकामा लेख रचना, कविता, कथा, निबन्ध र स्तम्भ प्रकाशित भएका छन् । प्रस्तुत शोधमा  छ । थापाको **सुनामी** कविता सङ्ग्रहको विधातत्त्विक अध्ययन गरिएको छ ।

### १.२ समस्याकथन

रूप वा आकारका दृष्टिले सानो भए पनि गुणात्मक दृष्टिले महत्त्वपूर्ण **सुनामी** कविता सङ्ग्रहका बारेमा अध्ययन विश्लेषण हुन आवश्यक छ । विधा तात्त्विक दृष्टिले यो

कविता सङ्ग्रह कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित यस शोधका प्राज्ञिक समस्याहरू निम्न लिखित छन् :

(क) **सुनामी** कविता सङ्ग्रहका कवितामा के कस्तो भाव प्रस्तुत गरिएको छ ?

(ख) **सुनामी** कविता सङ्ग्रहका कवितामा कस्तो लयको प्रयोग गरिएको छ ?

(ग) **सुनामी** कविता सङ्ग्रहमा केकस्तो भाषा शैलीको प्रयोग गरिएको छ ?

## १.३ शोधको उद्देश्य

शोध समस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो तसर्थ यस शोधका उद्देश्यहरू निम्न लिखित छन् :

(क) **सुनामी** कविता सङ्ग्रहका कवितामा प्रस्तुत भावको विश्लेषण गर्नु

(ख) **सुनामी** कविता सङ्ग्रहका कवितामा प्रयुक्त लय विधानको विश्लेषण गर्नु

(ग) **सुनामी** कविता सङ्ग्रहका कवितामा प्रस्तुत भाषा शैलीगत प्रविधि र कलाको निरूपण गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

कवि भवानी थापाका **सुनामी**लगायत अनेकौं कविता सङ्ग्रह र प्रशस्त फुटकर कविताहरू प्रकाशित छन् । उनका कतिपय कविता सङ्ग्रह र फुटकर कविताका बारेमा सामान्य किसिमका समीक्षा पनि भएका छन् । प्रस्तुत शोधपत्रमा **सुनामी** कविता सङ्ग्रहको कृतिपरक विश्लेषण गरिएको छ र यहाँ कवि थापा र उनका अन्य कृतिका बारेमा गरिएका चर्चा-परिचर्चालाई समावेश नगरी केवल **सुनामी**का बारेमा गरिएका चर्चालाई मात्र समावेश गरिएको छ । हालसम्म **सुनामी**का बारेमा गरिएको चर्चा-परिचर्चाको कालक्रमिक विवरण तल प्रस्तुत गरिएको छ :

कुन्ता शर्मा (२०५६)ले **सुनामी** कविता सङ्ग्रहको 'भूमिका'मा भवानी क्षेत्रीको कविताको समीक्षा प्रस्तुत गर्दै उनका कविताका विचार समसामयिक र सुन्दर भएको, सहज र सुन्दर कलाले आभूषित कविताले मनलाई गहिरो स्पर्श गर्ने निचोड प्रस्तुत गरेकी छिन् । क्षेत्रीका कविताहरू शिल्प पक्षमा केही कमजोर देखिए पनि त्यस पक्षलाई सुधार गर्दै लगेमा नेपाली साहित्यमा उनको छुट्टै पहिचान बन्ने कुरा समेत शर्माले प्रस्तुत गरेकी छिन् । भवानी क्षेत्रीको कविताको महत्वपूर्ण पक्ष जीवन र जगतलाई हेर्ने दृष्टिकोण रहेको जसमा आत्मसम्मान, आत्मविश्वास र आत्मगौरवको भावना प्रचुर रूपमा पाईने, महिलाप्रति सम्मान र समाताको भाव सिर्जना गर्ने कुरा समेत शर्माले उल्लेख गरेकी छिन् । समीक्षात्मक तथा प्रभावात्मक शैलीमा प्रस्तुत गरिएको उक्त भूमिका रूपीकार्यले प्रस्तुत शोधलाई एउटा महत्वपूर्ण मार्गदिशा प्रदान गरेको छ ।

पृथ्वी कुमार कार्की (२०६१)ले **साहित्यकार भवानी थापाको जीवनी, व्यक्तित्त्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रमा **सुनामी** कविता सङ्ग्रहका कविताहरूको समान्य विश्लेषण गरेका छन् । उनका कवितामा जीवनका निराशा, कुण्ठा र निस्सारताको अभिव्यक्ति रहेको साथै उनले थापाका नारीका यावत समस्याको उठान गरेपाइन्छ भनेका छन् । उनले थापाका कवितामा बढीमात्रामा प्रगतिवादी धारणा प्रस्तुत गरिएको हुन्छ निष्कर्ष प्रस्तुत गरेका छन् । विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको उक्त भूमिका रूपीकार्यले प्रस्तुत शोधलाई एउटा महत्वपूर्ण मार्गदिशा प्रदान गरेको छ ।

यसरी विभिन्न विद्वान् तथा समालोचकहरूले **सुनामी**का बारेमा परिचयात्मक रूपमा सामान्य समीक्षा तथा परिचय दिए पनि उक्त कृतिको विस्तृत विश्लेषण-मूल्याङ्कन भएको देखिन आउँदैन । त्यसैले यो शोधकार्यमा **सुनामी** कृतिको विवेचनात्मक अध्ययन  गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

भवानी थापाद्वारा रचिएको **सुनामी**का बारेमा बेलाबखत केही समीक्षकहरूद्वारा चर्चा परिचर्चा गरिएको छ तर काव्यका बारेमा विभिन्न कोणबाट व्यापक र विस्तृत व्याख्या-विवेचना गरी यस काव्यका कृतिगत वैशिष्ट्य औँल्याउने काम भएको छैन । यस काव्यका

बारेमा आजसम्म गरिएका चर्चा-परिचर्चाहरू निकै सतही र अपूर्ण छन् । प्रस्तुत शोधपत्रमा विभिन्न सान्दर्भिक कोणबाट यस कृतिको कृतिपरक विवेचना गर्ने काम गरिएको हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ । यसका साथै यस कृतिका बारेमा जान्न चाहने र भविष्यमा यस्तै किसिमका कृतिहरूको कृतिपरक विवेचना गर्न चाहनेहरूलाई प्रस्तुत शोधपत्रले सहयोग गर्न सक्ने हुँदा यो शोधपत्र औचित्यपूर्ण छ ।

## १.६ शोधविधि

शोधविधिको प्रयोग अन्तर्गत सामग्री  सङ्कलन विधि र सामग्री विश्लेषणको ढाँचा राखिएको छ ।

### १.६.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्य कृतिकेन्द्री साहित्यिक अनुसन्धान हो । त्यसैले यसका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय स्रोतबाटै सङ्कलित गरिएको छ । यस शोधकार्य सम्पन्न गर्न शोध्य विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका जस्ता द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । यस क्रममा सम्बन्धित विषयसँग सम्बन्ध राख्ने सौद्धान्तिक सामग्रीको प्रयोग पनि गरिएको छ ।

### १.६.२ सामग्री विश्लेषणको सैधान्तिक आधार र ढाँचा

प्रस्तुत शोध कविता कृतिको विशलेषणमा आधारित रहेको छ । यसको अध्ययन गर्न तिनै कविता तत्त्वलाई मूला सैधान्तिक पर्याधार बनाइएको छ । कविताका तत्त्व भन्नाले काव्यका आवश्यक अङ्ग/अवयव/घटक हुन् । मूल भाव/विचार, भाषाशैली, अलङ्कार, कथन पद्धति बिम्ब र प्रतीक, छन्द र लय र शीर्षक विधानलाई काव्यका प्रमुख तत्त्व मानिन्छ । ती तत्त्वहरू मध्ये प्रस्तुत शोधकार्यमा मूल भाव/विचार, छन्द र लय विधान तथा भाषाशैलीलाई मूल सैद्धान्तिक पर्याधार बनाइएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कृतिपरक विवेचनामा आधारित छ । यस शोधपत्रमा कवि भवानी थापाद्वारा रचिएको **सुनामी** कविता सङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ र थापाका

अन्य कुनै कविता सङ्ग्रहको विवेचना यहाँ गरिएको छैन । प्रस्तुत कविता सङ्ग्रहको विश्लेषण गर्न कविताका तत्वहरू केन्द्रीय कथ्य वा भाव,  लयविधान तथा भाषाशैलीजस्ता विविध सान्दर्भिक कोणलाई मूल आधार बानाइएको छ । यही नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ । यसको रूपरेखाको सङ्गठन यसप्रकार गरिएका छ :

परिच्छेद  एक : शोध परिचय

परिच्छेद दुई : कविताको सैद्धान्तिक स्वरूप

परिच्छेद  तीन : **सुनामी** कविता सङ्ग्रहको भावविधान

परिच्छेद  चार : **सुनामी** कविता सङ्ग्रहको लय विधान

परिच्छेद  पाँच : **सुनामी** कविता सङ्ग्रहको भाषाशैली

परिच्छेद सात : उपसंहार तथा निष्कर्ष

परिच्छेद : दुई

# कविताको सैद्धान्तिक स्वरूप

## २.१ विषय परिचय

साहित्यका विभिन्न विद्या मध्ये कविता एक सशक्त र पूर्व प्राचीन विद्या हो । श्रव्य साहित्यको गद्य भिन्न पद्य वा पद्येतर विद्या/गद्य कविता आज हामीले लेख्ने एवम् पढ्ने गरेको कविता विद्या हो । भाषाको कथ्य श्रव्य स्वरूपलाई आधार बनाएर सङ्गीत कलाको श्रुति रमणीय आएको कविताले आफ्नो दौडानलाई यहाँसम्म ल्याई पुऱ्याएको हो । संस्कृत साहित्यको प्रथम कविता ऋग्वेदमा रहेको गेयात्मकता, लयात्मकता, भावात्मकता सन्निहित लिपिबद्ध कविताको यात्रासँगै यसले विभिन्न चरणहरू पार गर्दै गयो । तीन हजार वर्ष भन्दा लामो यात्रामा यसले आफ्नो स्वरूपलाई पूर्वतिर रस, अलङकार, ध्वनि आदिका प्रमुखतामा परिभाषित गऱ्यो भने पश्चिममा कहिले परिष्कारवादी, कहिले स्वच्छन्दतावादी, प्रगतिवादी तथा प्रयोगवादी धारमा रहँदै आयो । कविताको यत्रो लामो यात्रामा विभिन्न विद्वानहरूले कलम चलाए । पूर्वदेखि पश्चिमसम्मका विभिन्न विद्वानबाट पहिल्याइएका विचारहरूलाई सङ्क्षिप्तमा चर्चा गर्नु यहाँ उपयुक्त देखिन्छ ।

## २.२ कविता सम्बन्धी पूर्वीय चिन्तन

'कवि' शब्दमा 'ता' प्रत्यक्ष लागेर 'कविता' शब्द बनेका हो । कवित शब्दको व्यात्पत्तिको खोजीका क्रममा संस्कृत विद्वानहरूले 'कुङ' र 'कव्' जस्ता धातु मूलमा कर्तुव्य जनाउन 'इ' कृत प्रत्ययको योग हुन गएको दाहोरो सम्भावना देखाएका छन् (त्रिपाठी र अन्य ४१) । प्राचीनतम कविताग्रन्थ ऋग्वेदमा 'कवि कवित्व दिपि रूपम् असजत् भनी कविले कवितालाई आकाशमा सजाएको भन्ने अर्थ प्रदान गरेको पाइन्छ (त्रिपाठी र अन्य, २०४८: ४७) । यसले के प्रष्ट पारेको छ भने कवि भनेको कल्पनाशाली एवम् परमेश्वरीय शक्तिसम्पन्न व्यक्ति हो । यसैगरी शुक्ल यजुर्वेदमा 'कविर्मनीषी स्वयम्भू' भनी कविलाई विद्वान र स्वतः सिद्धको रूपमा लिइएको छ (थापा, २०५०:६) ।

कविता यात्राका विभिन्न चरणमा कवितामा मूल्य मान्यता र प्रवृत्तिका सम्बन्धमा पनि अलग अलग विचार पाइन्छ । यसरी कविताको साङगोपाङगो परिभाषा दिने सवालमा पनि पूर्व पश्चिममा एकै खालको मत पाइन्न ।

पूर्वीय काव्य सिद्धान्तको श्री गणेश भरतमुनिबाट भएको पाइन्छ । कविताका सन्दर्भमा उनले **नाट्यशास्त्र**मा कोमल तथा मनोहर पदयुक्त, गूढ शब्दार्थरहित, सुबोध, युक्तिसङ्गत, नृत्यमा उपयोग गर्न सकिने विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैका लागि योग्य हुन्छ भनेका छन्  (शर्मा र लुइँटेल, २०६१: ३) । यसै गरी भामहले शब्द र अर्थको सहभाव काव्य हो भनेका छन् (शर्मा र लुइंटेल, २०६१: ३) । दण्डीले कवितालाई सुन्दर अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् । वामनले काव्यको आत्मा रीति हो भनेका छन् । मम्मटले दोषरहित र गुणसहित शब्दार्थ कहीँकहीँ अलङकाररहित भए पनि काव्य हो भनेका छन् (लुईटेल र शर्मा, २०६३: ४) । दिश्वनाथले कवितालाई रसात्मक वाक्य भनेका छन् । जगन्नाथले रमणीय अर्थप्रतिपादन गर्ने शब्दलाई कविता भनेका छन् (लुईटेल र शर्मा, २०६३: ५) । यसरी पूर्वीय विद्वानहरूले कवितालाई परिभाषित गर्ने क्रममा दुई धारा देखा परेका छन् । (१) देहवादी धारा (२) आत्मावादी धारा । बाह्यस्वरूपलाई बढी महत्त्व दिने देहवादीहरूले कविताको आकार, भाषा, संरचना, शब्दचयन, अलङकार, रूप, शैली, गुण, रीतिलाई महत्त्व दिए । कविताको आन्तरिक पक्षलाई महत्त्व दिने आत्मवादीहरू चाहिँ रस, सौन्दर्य, ध्वनि, अनभूति, विचार तथा हार्दिकतालाई ने कविताको प्राण हो भन्ने पक्षमा उभिए । पूर्वीय विद्वानहरूले कवितालाई केवल कविताका रूपमा मात्र नचिनाएर काव्यका रूपमा चिनाएका छन् ।

## २.३ कविता सम्बन्धी पाश्चात्य चिन्तन

पूर्वीय काव्यशास्त्रीय विकास मात्रामा कविता के हो भन्ने बारेमा विविध मतमतानतर देखा परे जस्तै पाश्चात्य वाक्शास्त्रमा पनि कविता सम्बन्धी दृष्टिकोणहरू फरक-फरक समयमा फरक-फरक किसिमले देखा परेको पाइन्छ । पूर्वको आदिग्रन्थ ऋग्वेद भए झैं पश्चिममा **ओडिसी, इलियट** प्राचीनतम काव्य मानिन्छ । अपोलो र सूर्य देवताको स्तुतिगानबाट काव्य प्राप्त  गर्ने होमर पनि पूर्वीय विद्वान झैं कविको आन्तरिकप्रतिभालाई काव्य हेतु मान्दछन् (त्रिपाठी र अन्य,२०४२: ३) । उनी काव्यमा अन्तरप्रेरणाको भूमिकालाई

सर्वाधिक महत्त्व दिन्छन् । उनका विचारमा दिव्य प्रेरणा नै कविताको मूल स्रोत हो । हेसियडका विचारमा कविले मनोरञ्जन र शिक्षा एकसाथ दिनुपर्छ र कविको ओठबाट मधुमय शब्दहरू बहन्छन् (त्रिपाठी र अन्य, २०४२: ४) । त्यस्तै अर्का विद्वान पिण्डार भने थोरैमा धेरै भन्न सक्ने प्रेरणादायी शिक्षा काव्य हो भन्ने पक्षमा छन् (सुवेदी, २०३०: ४)। ग्रिसेली दार्शनिक प्लेटो कवि माथि आक्रामक देखिन्छन् । उनको सोचाइमा कवि दिव्य प्रेरणा पाई उन्मादका क्षणमा बोल्छ अनि कविता मान्छेका आवेग बासनाकी धाई भएकीले संयत स्वरूपमा निम्ति दुषित किटाणु जतिकै छ (त्रिपाठी, २०४२: १५) तर आफ्नो ग्रन्थ विधिमा आइपुग्दा उनी सत्साहित्यलाई स्वीकृति प्रदान गर्दछन् र साहित्यको सम्भावनाप्रति आशावादी देखिन्छन् ।

प्लेटोपछि अरिस्टोललले भने साहित्यमा नवीन मान्यतालाई स्थापित गर्न पुग्दछन् । कला वा साहित्य जीवनजगत्का बहिरङग र अन्तरङ्गका पक्षको कल्पनामूलक पुनर्रचना र वस्तुगत सिर्जना हो । प्लेटोले कविलाई सत्यबाट दुगुना टाढा हुन्छ भन्ने आरोप लगाए पनि अरिस्टोटल भने कविलाई जीवन जगत्को अझ परिपक्व र पूर्ण रूपको वस्तुगत पुनर्संरचना गर्ने सशक्त स्रष्टा ठान्दछन् (त्रिपाठी, २०४२: ४०) त्यसैगरी लन्जाइनस प्रकृतिको उदात्ततालाई काव्य मान्दछन् भने मातृभाषालाई नै काव्य मान्ने व्यक्ति दाँते हुन् ( त्रिपाठी, २०४२: ३१)। पुनर्जागरण कालका सिड्नीका विचारमा कविता कल्प नभई सत्यको अझ सुन्दर मार्मिक अभिव्यक्तिको निम्ति हो (त्रिपाठी, २०४२: ४१) ।  त्यसैगरी बेजनको मत यस्तो रहेको छ : कविता शैलीको एक रूप हो यसको सम्बन्ध भावका कलासित छ । यो वर्तमानको आदेशका चल्दैन (उपाध्याय, २०४९: १४) । कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो भन्ने मत ड्राएडानको रहेको छ । जोन्सनको मतमा कविता छन्दोबद्ध रचना हो यो बुद्धिको सहायताले कल्पनाको आह्वानद्वारा आन्नदलाई सत्यसित जार्ने कला हो । कवितालाई वर्डूस्वर्यले केही नवीन तरिकाले चिनाउने प्रयास गरेका छन् । उनको भनाइमा कविता सशक्त क्षणमा पुनः स्मृत संवेगबाट जन्मन्छ । कलरिजको भनाइमा कविता विज्ञानको विपरीत विद्या हो, किनभने यसको मुख्य लक्ष्य आनन्द हो सत्य होइन ( उपाध्याय, २०४९: १५) । कलालाई बौद्धिकताकी दासी नभएर आफ्नी घरकी स्वयम् स्वामिनी ठान्ने कलाको कोलम्ब्स कोचे आत्मको पहिलो सैद्धान्तिक क्रिया सहजानुभूति हो र यही नै कला हो, आत्मा वा मनभित्र हुने सहानाभूति नै अभिव्यञ्जन हो अनि यही मानसिक

अभिव्यञ्जना कला हो भन्दछन् (त्रिपाठी र अन्य, २०४२: २८) । यसरी पूर्वीय साहित्यमा जस्तै पाश्चात्य साहित्यमा पनि विभिन्न विद्वानहरूले कवितालाई अलग-अलग रूपमा परिभाषा गरेको पाइन्छ ।

## २.४ कविता सम्बन्धी नेपाली विद्वानहरूको चिन्तन

कवितालाई पहिल्याउने सन्दर्भमा नेपाली विद्वानहरूबाट विशिष्ट विचारहरू अभिव्यक्त भएका पाइन्छन् । यस प्रसङ्गमा कवि शिरोमणि लेखनाथ पौड्यालका विचारमा "कोमल भावको माध्यमबाट नैतिक र आध्यात्मिक चेतना जगाई समाज सुधारको सन्देश दिनु कविता हो (थापा,२०५७: २५) । माधव घिमिरेका विचारमा "कविता पनि आफ्ना शब्द, छन्द, विषय र उद्देश्यबाट प्रकट हुन्छ, त्यसैमा व्याप्त हुन्छ, त्यसैमा हराउँछ तैपनि ती सबैभन्दा माथिको तत्त्व हो, त्यो केहो ? अनुभव हुन्छ भन्न सकिदैन" (थापा, २०५७: २५) । त्यसैगरी कवि केदामान व्यथित भन्दछन् : "तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो" (घिमिरे, २०२३: २३९) । कवि मोहन कोइराला यस सन्दर्भमा भन्दछन् : "कलात्मक रूपमा माझिएको भाषाले प्रभाव पार्न सक्ने रूपमा कविता मानव कल्याणका निम्ति हुनुपर्दछ" (उपाध्याय,२०६१: १७) । यसरी माथि उल्लिखित विद्वानहरूका विचारहरूलाई पर्गेलेर हेर्दा जीवन जगत्का विचारले मानव हृदयका सूक्ष्म तारहरूलाई छोई त्यसबाट तरङ्गित भएको मनोहारी शब्द सङ्गीतलाई कविता भन्न सकिन्छ ।

## २.५ कविताका तत्त्वहरू

कविताका तत्त्व भन्नाले कविताका आवश्यक अङ्ग/अवयव घटक भन्ने बुझिन्छ । के कस्ता अवयवहरूको समायोजनाबाट कवितात्मक कृतिको रचना पूर्ण हुन्छ भन्ने कुरा कविताका तत्त्वका सन्दर्भमा चर्चा हुने गरेको पाइन्छ । साहित्यका अन्य विद्या झैं कविता विद्या अन्तर्गतकै एक उपविध्न भए पनि कविताका तत्त्वमा पर्ने तत्त्व मात्र असमा नभएर यो एक प्रबन्ध कविता पनि भएकाले यसका केही फरक किसिमका तत्त्वहरू हुनु स्वभाविकै हो । साहित्यको विकासका क्रममा देखा परेका विभिन्न समयका विभिन्न विद्वानहरूका कवितामा तत्त्व विषयक विचारहरू एक आपसमा हुबहु नमिले पनि अधिकांशतः मिल्दाजुल्दा

देखिन्छन् । कविताका तत्त्वहरूमा विषय वस्तु, मूल भाव/विचार, छन्द र लय, विम्ब र प्रतीक, कथन पद्धति, अलङ्कार, भाषाशैली र शीर्षक विधान जस्ता तत्त्वहरू मूल रूपमा रहे पनि यहाँ ती तत्त्व मध्येका मूल तत्त्वहरू मूल भाव/विचार, छन्द र लय र भाषाशैलीका बारेमा निम्नानुसार चर्चा गरिएको छ ।

### २.५.१ मूल भाव/विचार

कवितामा अनेक भावहरू प्रयोग गरिन्छ । कवितामा जीवनजगतमा रहेका विभिन्न भावहरू मध्ये कुनै एक भावलाई केन्द्रित भावको रूपमा प्रस्तुत गरिएको हुन्छ । पूर्वीय साहित्य सिद्धान्त अनुसारको कुनै पनि कृतिमा रति, हास, शोक, उत्साह, भय आदि स्थायी भावहरू मध्ये एउटालाई केन्द्रीय भावका रूपमा राखिन्छ भने अन्य लज्जा, मोह, जडता जस्ता भावहरूलाई केन्द्रीय भावको पुष्टिका लागि प्रयोग गरिन्छ (न्यौपाने, २०५९:२३) । विभिन्न भावहरूबाट कृतिमा प्रयुक्त रस परिपाकमा पुग्दछ र पाठकलाई रसानुभूति प्राप्त हुन्छ । कृतिमा रहेको केन्द्रीय भाव आकर्षक हुनुपर्छ किनकि त्यस्तो कविताको कवितात्मक मूल्य बढ्छ । कवितामा कवितात्मक गुणलाई स्तरीय पार्न अनेकौं सञ्चारी भावको समेत संयोजन गरिएको हुन्छ ।

### २.५.२ छन्द र लय

लय भनेको सङ्गीतको आरोह-अवरोहको क्रम हो । कवितामा लय भनेको वर्ण वा पङ्क्तिपुञ्जहरूको आरोह-अवरोहको क्रम भन्ने हुन्छ । लय शब्दले कवितामा वर्ण, पङ्क्ति, पाउ, श्लोक पङ्क्ति पुञ्जमा प्रयुक्त गति, यति, विराम, आवात आदिको परम्परको क्रमबाट उद्पन्न श्रतुरमणीयता हो । लयले कवितालाई अरु तत्त्वबाट छुट्याउँछ । कविता पनि कविताकै उपविद्या भएकाले यसमा लयको विशिष्ट भूमिका हुन्छ । सुरुदेखि अन्त्यसम्म नै लयको प्रयोग गरिएको हुन्छ । कवितामा प्रयुक्त लय ढाँचा, बद्धलय र मुक्तलय गरी मुख्यतः दुई किसिमका छन् । लयलाई छन्द पनि भनिन्छ । बद्धलयका वर्णमात्रिक छन्द, मात्रिक छन्द र वार्णिक छन्द गरी तीन प्रकार छन् । मुक्त लय एकै प्रकारको हुन्छ । कवितामा यी चारैवटा छन्दको प्रयोग हुन्छ । मुक्तलय वा मुक्त छन्दको प्रयोग भएका कवितामा श्लोक वा अनुच्छेद नछुट्टिई निरन्तरित पङ्क्ति प्रवाहको पनि प्रयोग हुने गर्दछ । मुक्त लयका अनेक भेद

छन् । मुक्तलय कवि स्वभाव अनुसार फरक-फरक हुने भएकाले यसलाई गद्य कवितात्मक लय छन्द पनि भनिएको हो । गद्य कवितात्मकलयमा आन्तरिक लय प्रवल हुन्छ । मुल लयमा कवित चातुर्थले अक्षर, वर्ण, शब्द पदावलीको रखाइक्रममा विशेष लय उत्पन्न भएको हुन्छ । बद्ध लय भने पद्य प्रधान हुने भएकाले यसमा आन्तरिक र बाह्य दुवै लयप्रधान हुन्छ ।

### २.५.३ भाषाशैली

कविताको भाव वा विचारको अभिव्यक्ति दिने माध्यम भाषा हो र भाषिक अभिव्यक्तिको तरिका शैली हो । कविता भाषाका माध्यमबाट मात्र व्यक्तिन्छ । कविताका विम्ब प्रतीक, अलङ्कार आदि सम्पूर्ण पक्षहरू भाषाकै माध्यमबाट प्रकट हुन्छन् । काम गर्ने तरिका, काम गराइको ढाँचा, परिपाटी आदि शैली हो । शैली भाषा प्रयोगमा साधन मात्र भए पनि साहित्यिक कृतिमा शैलीको आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । भाषा शैली बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । कवितामा सरल, सहज, सरस भाषा तथा समस्त शैलीको प्रयोग हुनुपर्छ । कवितामा भाषिक लयात्मकताको निम्ति शास्त्रीय छन्द, मुक्त छन्द र लोकलयको पनि प्रयोग हुन सक्छ (थापा, २०५०:५६) । स्वाभाविक र गतिमय भाषाको सरल र आलङ्कारिक प्रयोगबाट उत्पन्न हुने वैशिष्ट्य नै शैली हो । वर्ण, पद, पङ्क्ति जस्ता भाषिक एकाइको छनोट नै कविताको भाषाशैली हो । भाषाका शब्दहरूको स्रोत तत्सम, तद्भव र आगन्तुक जस्ता पक्षँहरूको छनोट पनि भाषाशैली हो । भाषाका शब्दहरूको स्रोत तत्सम, तद्भव र आगन्तुक जस्ता पक्षहरूको छनोट पनि भाषाशैली अन्तर्गत गरिन्छ । केन्द्रीय तथ्यको अभिव्यक्ति दिनका लागि भाषाशैलीकै आवश्यकता हुने भएकाले पनि कविताको महत्त्वपूर्ण तत्त्व भाषाशैली हो ।

कविताका तत्त्व भन्नाले कविताका आवश्यक अङ्ग/अवयव घटक हुन् । विषयवस्तु, चरित्र/पात्र, मूल भाव/विचार, देश, काल र वातावरण, भाषाशैली, अलङ्कार, कथन पद्धति, सर्ग योजना, विम्ब र प्रतीक, छन्द, लय र शीर्षक विधानलाई कविताका प्रमुख तत्त्व मानिन्छ । यी तत्त्वले कवितालाई पूर्ण बनाउँछ ।

### २.५.९ कविताको विधागत स्वरूप तथा आयाम

कविताको स्वरूप पाठ्य-श्रव्य हुन्छ । आयामका हिसाबले कवितालाई मुक्तक कविता, फुटकर कविता, खण्डकाव्य वा लामा कविता र महाकाव्य अन्तर्गत राखेर वर्गीकरण गर्न सकिन्छ । कविताको लघुत्तम आयाम दुई हरफदेखि सुरु भई आर्षमहकाव्यमा स्तरमा पुग्दा सर्ग विभाजन र लाखौं श्लोकसम्म पुगेको पाइन्छ । कविताको लघुत्तम रूपमा कविताहरू कता ज्यादा हुन्छ भने मझौला हुँदै वृहत् आयाममा जाँदा कवितात्मकता क्रमशः कम र आख्यानात्मकता बढी हुँदै जान्छ । कविता विधाको आफ्नै कालिक वा स्थानीय आयामको बाह्य आन्तरिक ढाँचा वा रूपसंरचना हुन्छ र यसका मुक्तदेखि आर्षमाहरूकाव्यसम्मका पूर्वोक्त विभिन्न पाँच उपविधाका आफ्ना खास रूपसंरचना तथा कवितपय वैकल्पिक सम्भावना समेत हुने गर्दछन् (त्रिपाठी र अन्य २०५४:२२) । कविताको आयाम भन्नु कृतिको कथन एवं श्रवणकालको लमाइ हो । मुक्तकहरू छोटा भएर पनि आफैँमा पूर्ण हुन्छ । कवितालाई आयामका भेदले मुख्य पाँच उपभेदमा वर्गीकरण गर्न सकिन्छ ।

**(क) लघुत्तम रूप : मुक्त**

कविताको लघुत्तम रूप आयामका हिसाबले अति सानो काव्यात्मक उपभेद हो, जुन सानो भएर आफैँमा पूर्ण हुन्छ । यो बिजुलीको उक झिलका हो, जसले हृदय चस्स छोइ बिलाउने हुन्छ । लोकपद्य, लोक स्तुति, लोकसूक्ति, गीत, सायरी, मुक्तक आदि यस अन्तर्गत पर्दछन् । मुक्तकलाई कविताको लघुरूप मानिन्छ । मुक्तकले सङ्क्षिप्तमै पूर्णताको प्राप्ति गर्दछ,ोटो भएर पनि पूरा अर्थ घनीभूत गर्दछ । तीन हरफको छोटो मुक्तकले संसारमा शान्ति कतै नभएको जतासुकै हाहाकार, अशान्ति, समस्या आदि मात्रै भएको र यसैका कारण मानव जीवनले मूल्य गुमाएको भन्ने अर्थ ध्वनित छ । यसरी कविताको एकभेद मानिने लघुत्तम रूप 'मुक्तक' पनि कविताको एक महत्त्वपूर्ण विधाका रूपमाप्रतिष्ठित हुँदै गएको छ ।

### (ख) लघु कविता : फुटकर कविता

मुक्तकभन्दा फेरि विस्तारित रूप फुटकर कविता हो । यो मुक्तक भन्दा केही लामो हुन्छ भने यसमा कथनकला, संरचना र आख्यानको पनि केही विस्तार हुन्छ । कविताको लघुत्तम रूपमा एउटा श्लोक कसिलो अभिव्यक्तिको रूपमा रहन्छ । लघुरूपमा फुटकर कविता, गीत, गजल, स्तोत्र आदि रहेको पाइन्छ । यी रूपहरू पूर्वीय जगत्का कविता अन्तर्गत पर्दछन् भने पश्चिमी जगत्मा ओाडिसी, सिनेट र लिटिकका रूपमा परिचित छन् । माधव घिमिरेको 'कलम वीर', भीमनिधि तिवारीको 'गरिब' कृष्णप्रसाद भट्टराईको 'आमा' यसका छ, जस्तै  मान्न सकिन्छ ।

### (ग) कविताको मध्यम रूप : - खण्डकाव्य

फुटकर कविता भन्दा अझ विस्तारित रूप खण्डकाव्य हो । यसमा आख्यान हुन्छ । जसले जीवनको एक अंश वा अनुभूतिको विशेष खण्डलाई समेटेको पाइन्छ । आख्यान वैकल्पिक पनि हुन सक्दछन् । त्यसो भएमा त्यहाँ अनुभूतिको काव्यात्मक विस्तारसँगै खण्काव्यको सुगठिन संरचना निर्माण हुँदै जान्छ । खण्डकाव्यमा सङ्क्षिप्त रूपले महाकाव्यका गुणहरू रहन्छन् । यद्यपि यसका आफ्ना छुट्टै विशेषता पनि छन् । खण्डकाव्यमा सीमित पात्रको प्रयोग, छोटो परिवेशको चित्रण, जीवनको एक पक्षको चित्रण हुने भएकाले यसले मझौला रूप प्राप्त गरेको मानिन्छ । यस बाहेक कोषकाव्य, लामा कविता, व्यालेड, शोधकाव्इ, परीकथा पर्यायबन्ध सकलकथा आदि पूर्वीय एवं पाश्चात्य प्रचलन कविताका मझौला रूप अन्तर्गत पर्दछन् । देवकोटाको मुनामदन (खण्डकाव्य), मोहन कोइरालाको नदी किनाराका माझी (लामो कविता) लेखनाथको ॠतुविचार (कोषकाव्य) आदि  कविताका मझौला रूपका छ, जस्तै  हुन् ।

### (घ) कविताको वृत्त रूप : महाकाव्य

कविताको वृहत् र बृहत्तर रुवरूप भन्नाले महाकाव्य समकक्ष स्वरूप हो । महाकाव्यमा जीवनका अनेक पक्ष र रूपको कथानक चित्रण हुन्छ र यसको क्षेत्र पनि फराकिलो हुन्छ (पराजुली, २०५०: २९२) । महाकाव्यका आफ्ना छुट्टै सैद्धान्तिक अभिलक्षणहरू पनि हुन्छन् । सोमनाथ सिग्द्यालको आदर्श राघव, लक्ष्मीप्रसाद देवकोटाको

सुलोचना, मोदनाथ प्रश्रितको 'मानव' आदि कविताको बृहत्तर रूप मानिने महाकाव्यका छ, जस्तै  हुन् । पूर्वम झैं पश्चिममा पनि कविताका यी भेदहरू पाइन्छ । यसरी कविताका अनेक भेद मानिएका मुलक, फुटकर कविता, खण्डकाव्य (लामो कविता समेत) एवं महाकाव्य र आर्ष महाकाव्यको आ-आफ्ना छुट्टै गरिमा स्थापित भएको पाइन्छ ।

### (ङ) कविताको बृहत्तर रूप

कविताको बृहत्तर रूप भनेर कलात्मक वा ललित महाकाव्यभन्दा ठूला विकासशील वा आर्ष महाकाव्यलाई बुझ्नु पर्दछ  । यसले सिङ्गो मानव सभ्यता र संस्कृतिको मात्रप्रतिनिधित्व नगरेर एउटा सिङ्गो युगलाई नै बोकेको हुन्छ । विशाल जातीय जीवन र संस्कृतिको महाप्रभाव स्वरूप रहेको सिङ्गो सग्लो र परिपूर्ण अनुभूतिको व्यापकतालाई यसले समेटेको हुन्छ । कविताको बृहत्तर रूप बृहत् रूपभन्दा धेरै माथि उठेको र ज्यादै फैलिएको हुन्छ । वास्तवमा यो सामुहिकरूपमा विकसित हुँदै आएको हो र अन्तिम स्रष्टा वा परिष्कर्ताकाप्रतिभाका कसीमा खारिएर लिपिबद्ध भइसकेपछि भने यसको विकास अवरूद्ध हुन पुगेको हो । 'सर्गबन्ध' कै अतिविकसित रूप कविताको बृहत्तररूप हो । यसमा युग तथा जीवन प्रवाहसंग सम्बन्धित मूल कथासँग लामा छोटा उपाख्यान पनि आवद्ध रहेका हुन्छन् । कविताको यस रूपसँग सम्बन्धित कथा र यसमा रहेको युग तथा जीवनको उत्कर्षता युगयुगसम्मको लागि प्रेरणाको स्रोत बन्दछ । यसभित्र आउने अनेक उपाख्यानहरूको वातावरण र उद्देश्य आफैँमा पूर्ण हुन्छ । हरेक उपाख्यानकाप्रतिविम्वित जीवनदृष्टि आफ्नै किसिमको हुन्छ । यसमा युगयुगका विशिष्टप्रतिभाहरूले गरेको युगजीवनका अनुभूतिहरूको समष्टि रूप रहेको हुन्छ । आख्यानीकरणको अभिव्यापकता, संरचनाको अभिव्यापकता, उद्देश्य एवं जनदृष्टिको अभिव्यापकता तथा रसभाव चेतनाको अभिव्यापकताबाट नै यसको रूपमा निर्धारण हुन्छ । प्राचीन युग, जिन्दगानी र मानवताका संस्कृति र संस्कार तथा पुराकथात्मक बिस्तृति तथा विशाल स्मारकतुल्य यी महाकाव्यहरू मान्छेले विशिष्ट लयबद्ध भाषाले, कवितात्मक अनुभुति विस्तारले, आख्यानात्मक कवित्वले र आख्यानीकरणले प्राप्त गरेको सर्वाधिक विकसित र विशिष्ट बृहत्त संरचनाका उपज हुन् (त्रिपाठी र अन्य, २०५४: ८५) । यसरी कविताको बृहत्तर रूपले युगयुगका विराट जीवन र संस्कृतिलाई आत्मसात गर्दै सृष्टि सभ्यताको विकासलाई प्रस्तुत गर्दछ । अतः कविताको बृहत्तर रूप भन्नाले सिङ्गो सभ्यता, संस्कृति, परम्परा र एउटा युगकैप्रतिनिधि भएर रहेको, भीमकाय संरचना बोकेको,

अनेक व्यक्ति(ऋषि)हरूद्वारा परिवर्तित, परिमार्जित आर्ष वा विकासनशील महाकाव्यलाई बुझ्नुपर्दछ ।

## २.६ निष्कर्ष

कविता साहित्यको लयात्मक विधा हो । यसका बारेमा पूर्व तथा पश्चिममा व्यापक चर्चा भएको छ । कवितलाई पूर्वमा विशेषगरी काव्यका रूपमा चिनाइएको छ भने पश्चिममा यसलाई कविताकै रूपमा चिनाइएको छ । कविताका विभिन्न स्वरूप रहेका छन् । मूलतः ती विविध स्वरूप मध्ये फुटकर स्वरूपको कवितालाई साधारण कविता मानिन्छ । कविताका विभिन्न तत्वहरू रहेका छन् । साहित्यको विकासका क्रममा देखा परेका विभिन्न समयका विभिन्न विद्वानहरूका कवितामा तत्त्व विषयक विचारहरू एक आपसमा हुबहु नमिले पनि अधिकांशतः मिल्दाजुल्दा देखिन्छन् । कविताका तत्त्वहरूमा विषय वस्तु, मूल भाव/विचार, छन्द र लय, विम्ब र प्रतीक, कथन पद्धति, अलङ्कार, भाषाशैली र शीर्षक विधान जस्ता तत्त्वहरू रहे पनि मूल भाव/विचार, छन्द र लय र भाषाशैलीलाई मूल तत्त्व मानिएको छ ।

# परिच्छेद : तीन

# सुनामी कविता सङ्ग्रहको भावविधान

## ३.१ विषय परिचय

कविताको मेरूदण्ड भनेको नै यसको केन्द्रीय कथ्य हो । कुनै पनि स्रष्टाले वा काव्य सिर्जना गर्दा समाजमा रहेका कुनै न कुनै विषयलाई पाठक सामु उपस्थित गराएको हुन्छ । कविता मार्मिक एवम् उच्चकोटिको हुनुका लागि सन्धि अनुरूपको विषयवस्तु पनि हुन आवश्कय हुन्छ । कविले आफूले देखेको वा भोगेका यावत विषयलाई आफ्ना कवितामा मूल्य कथ्यका रूपमा प्रस्तुत गरेको हुन्छ । कवि भवानी थापाले आफ्नो **सुनामी** कविता सङ्ग्रहमा समाजमा रहेका विकृति, विसङ्गति एवम् सांस्कृतिक, आर्थिक र सामाजिक मान्यताहरू बिग्रँदै गएको विश्वजनीय तथा नेपाली सामाजिक अवस्थालाई सुधार्ने मुख्य उद्देश्य राखेको छन् । यहाँ उनको **सुनामी कविता** कविता सङ्ग्रहमा रहेका प्रत्येक कविताको केन्द्रीय कथ्यलाई अलग अलग रूपमा विभिन्न उपशीर्षकमा विभाजन गरेर यस प्रकार प्रस्तुत गरिएको छ :

### ३.१.१ नेपाली समाजका विसङ्गत अवस्थालाई कथ्य बनाइएका कविता

भवानी थापाको **सुनामी कविता** कविता सङ्ग्रहका कवितामा नेपाली समाजका विसङ्गत अवस्थालाई कथ्य बनाइएको छ । ती कवितामा नेपाली समाजमा व्याप्त विकृति र विसङ्गति एवम् मौलाउँदै गएको सांस्कृतिक, सामाजिक, विचलनलाई केन्द्रीय कथ्य बनाइएको छ । यस्ता कविताहरूमा फेरि झुटो कथा नलेखियोस्, म सँग पैंचो लैजाऊ, मेरो राजधानी, धनभित्र र मनभित्र बाँच्नेहरू, बाँच्नलाई मान्छेले, म, मान्छे र नयाँ वर्ष, निर्लज्जहरूसँग होसियार, पृथक-पृथक सोचहरूले, सोधी हेरौं, धमिरा लाग्दैछ खम्बाहरूमा, म मूर्ख मान्छे आदि कविताहरू पर्दछन् । उनका ती कविताहरूमा राष्ट्रका आर्थिक, सामाजिक र सांस्कृतिक विषयको विडम्वनापूर्ण स्थितिलाई मुख्य कथ्य बनाइएको छ ।

त्यहाँ रामराज्य मात्र छैन

रावण राज्य पनि बोलेको छ

आफू नामेट भएर

स्वामीमान जोगाइएको छ

चाकडीको व्याडमा

षड्यन्त्रको बीउ छर्नेहरूले

रावणको नाउँमा

घृषाको फूल फुलाएका छन् (थापा, २०५६:१)

उनका कवितामा देशको वर्तमान स्थिति निकै कमजोर भएको भाव प्रस्तुत गरिएको छ । नेपाली समाजमा सत्यको भन्दा असत्यको विजय भएको छ । यहाँ आफ्नो स्वाभिमान पनि गुम्ने खतरा भइरहेको छ । यहाँ चाकडी र चाप्लुसी गर्नेहरूको हालिमुहाली भएको छ । यहाँका नागरिकहरू त्यही अन्याय र अत्याचारमा बाँच्न विवश भएका छन् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**(क) म सँग पैंचो लैजाऊ**

'म सँग पैंचो लैजाऊ' कवितामा नेपाली समाजमा नारीप्रति हेर्ने दृष्टिकोणमा रहेको विकृत व्यवस्थाको चित्रण गरिएको छ । यहाँ नारीको मूल्य र महत्त्व हराउँदै गरेको कुरा उल्लेख छ । बाहिर बाहिर नारीको पक्षमा कुरा गर्ने तर भित्र भित्र आफैं नारीको उपहास गर्ने आडम्बरी स्वभावलाई समेत यहाँ व्यङ्ग्य गरिएको छ  जस्तै :

आधा आकाश भन्दै कुली कुर्ली नघाक्ने

शंकाको जालो आँखाभरि बोकेर

घरको चौरबाट बाहिर खबरदारी गर्ने

ए द्विविधा बोकेका मान्छे। (थापा, २०५६ : १२)

उनका कवितामा मान्छेको वर्तमान स्थिति निकै कमजोर भएको भाव प्रस्तुत गरिएको छ । वरिपरि शङ्काको जालो भएको नेपाली समाजमा सत्यको भन्दा असत्यको विजय भएको छ । यहाँका नागरिकहरू त्यही अन्याय र अत्याचारमा बाँच्न विवश भएका छन् र त्यसका विरुद्धमा उठ्न नेपाली जनतालाई आाग्रह गरिएको छ।

## (ख) मेरो राजधानी

'मेरा राजधानी' कवितामा नेपाली देशको राजधानी केन्द्रित नेपाली सोच र व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । ७५ ओटै जिल्लाका मान्छेको थुप्रो, फोहोर, दुर्गन्ध, महङ्गी, बेरोजगार, रोग/व्याध, पानीको हाहाकार आदिको पर्याय बन्दै गएको राजधानीको वास्तविकतालाई यहाँ व्यङ्ग्यातमक रूपले प्रस्तुत गरिएको छ । काठमाडौंका घरबेटीको चरित्र समेत यहाँ प्रस्तुत गरिएको छ । समग्रमा राजधानी आज साँच्चै विकृति र विसङ्गतिको केन्द्र बन्दै गरेको कथ्यलाई यहाँ चोटिलो रूपले प्रस्तुत गरिएको छ, जस्तै :

७५ जिल्लाबाट गएको मानव पहिरो

त्यहीं थुप्रिन्छ त्यही हुर्किन्छ

आशा र भरोसाको पुँजी बोकेर

महँगी र वेरोजगार विरुद्ध

जादुको छडी बोक्न (थापा, २०५६:१७)

उनका कवितामा काठमाडौंकको वर्तमान स्थिति निकै कमजोर भएको भाव प्रस्तुत गरिएको छ । काठमाडौंमा महँगी अत्याधिक रहेकाले मानिसलाई निकै गह्रो भएको भाव प्रस्तुत गरिएको छ।

**(ग) धनभित्र र मनभित्र बाँच्नेहरू**

'धनभित्र र मनभित्र बाँच्नेहरू' कवितामा समाजका खराब र दुष्ट व्यक्तिहरूलाई कहिले माथि पुग्न नसक्ने हाँक दिइएको छ । समाजमा सत्कर्म गर्नेको मात्र नाम रहने तर खराब र दुष्ट प्रवृत्तिका मान्छे इतिहासमा मेटिएर जाने कुरा व्यक्त गरिएको छ, जस्तै :

नतन्किने घेरोको सृजना गरेर

साँघुरिन्छन्, खुम्चिन्छछन्

एउटा खोक्रो आडम्बर बोकेर

सिरूझैं बगरम जन्मिन्छन्

फुल्छन् र झर्छन

ती मानिसहरूको सम्झनामा

न कथा लेखिन्छ न गीत गाइन्छ । (थापा, २०५६:२१)

समाजमा काँडा झैं बिझाउने व्यक्ति को को चर्चा सीमित सन्दर्भमा होाल तर विकृतिको खोज गरी नाश गर्नेको खोजी युगौं युगसम्मले गर्ने तर्क यहाँ प्रस्तुत गरिएको छ ।

**(घ) बाँच्नलाई मान्छेले**

'बाँच्नलाई मान्छेले' शीर्षक कवितामा मान्छेले बाँच्नका लागि अपनाउनु पर्ने सुरक्षा सम्बन्धी कुरा उल्लेख गरिएको छ । आजको युगमा बाँच्न नै गाह्रो बन्दै गएको छ । आजको मान्छेका चाहना र सपनाहरू चिलले चल्ला लगे झैं लुटिन र खोसिन थालेका छन् । जस्तै :

चीलले चल्ला टिपे जस्तै

मान्छेका रहरहरू टिपिन्छन्

बादल माथि-माथि उडाएर

भ्यात्त भुइँमा पछारिन्छन्

मान्छेका जिजीविषाहरू । (थापा: ०५६:३८)

आफ्नै सपना पनि लुकाएर थोरैथोरै गर्दै देखाउनु पर्ने बाध्यता छ । बाँच्ने इच्छा पनि सङ्कट ग्रस्त भएको छ । समयले चुनौती दिँदै जीवनलाई नै निस्तो र उधारो बनाएको भाव यहाँ प्रस्तुत गरिएको छ ।

**(ङ) म, मान्छे र नयाँ वर्ष**

'म, मान्छे र नयाँ वर्ष' कवितामा कविले नयाँ वर्षले ल्याउने परिवर्तनको अनुभवलाई आफ्नु र अन्य मानिसको दृष्टिकोणमा देखिएको फरकपनलाई प्रस्तत गरेकी छन् । वास्वतमा प्रत्येक नयाँ वर्षमा जनसङ्ख्या, रोग, भोकमरी, वृद्धत्व, महँगी आदिका वृद्धि हुने गरेको छ । जति जति समयले गति लिँदैछ । जीवनशैलीमा उति उति सङ्कट थपिदैछ । कविलाई यस्तो लागे तापनि कविको विचारमा आजको मान्छे नयाँ वर्षलाई ठूलो चाड र उत्साहको प्रतीक ठान्दछ अनि रमाउँछ । आजको मान्छे नयाँ वर्षलाई आफ्नो उमङ्गको र रोमाञ्चको सम्झन्छ, जस्तै :

भोकाहरूको सङ्ख्या बढैरै आएको छ

रोग, भोक, शोकमा वृद्धि चलिरहकै छ

नसल फुलाएर सँघारमा उभिएको

नयाँ वर्ष देख्दा मान्छे तर्सनु पर्ने हो ।

तर मान्छे त्यसो गर्दैन

त्याग र बलिदानपछिको

नयाँपन र सुन्दर कल्पना

जीवनको उद्देश्य बन्छ मान्छेको (थापा: २०५६:४१)

कविलाई यस्तो लागे तापनि कविको विचारमा आजको मान्छे नयाँ वर्षलाई ठूलो चाड र उत्साहको प्रतीक भएको भाव प्रस्तुत गरिएको छ ।

**(च) निर्लज्जहरूसँग होसियार**

'निर्लज्जहरूसँग होसियार' कवितामा विकृत बन्दै गएको वर्तमान मानवीय चरित्रप्रति तीव्र व्यङ्ग्य गरिएको छ । हाम्रो समाजमा नेतृत्व वर्गले पटक पटक धोका दिएका छन् । नेपाली-नेपालीमा फुटको खेती गरेर खान पल्केकाहरूदेखि अब सबै जनता सचेत बन्नुपर्छ । गोहीका झैं कृतिम आँसु खसाउन पल्केकाहरूले वास्तविक पीडा बुझ्न सक्दैनन् । आस्था र विश्वास एकातिर थन्काएर मात्र स्वार्थपूर्ति गर्न जसको नै पछि लाग्नेहरू समाजमा अगाडि आएका छन् भन्ने एक र गर्ने अर्कै प्रवृत्तिले देश खाएको छ । बाहिरी राम्रो गरे झैं गर्ने तर कुर्सी मात्र ताक्ने नेपाली नेतादेखि जनता होसियार रहन समेत प्रस्तुत कविताले आग्रह गरेका छ, जस्तै :

जे को भए पनि पुच्छर समाएर

जसलाई भए पनि भऱ्याङ बनाएर

करनी र कथनीमा अन्तर राखेर

अन्तर मनले सधैँ कुर्सी ताकेर

बसेकाहरूसँग होसियार ! नेपाली होसियार ! (थापा, २०५६:५८)

आस्था र विश्वास एकातिर थन्काएर मात्र स्वार्थपूर्ति गर्न जसको नै पछि लाग्नेहरू समाजमा अगाडि आएका छन् भन्ने एक र गर्ने अर्कै प्रवृत्तिले देश खाएको छ । बाहिरी राम्रो गरे झैं गर्ने तर कुर्सी मात्र ताक्ने नेपाली नेतादेखि जनता होसियार रहन समेत प्रस्तुत कविताले आग्रह गरेका छ ।

**(छ) पृथक-पृथक सोचहरूले**

'पृथक-पृथक सोचहरूले' कवितामा कविका मनमा आएका आजका विभिन्न विकृति, विसङ्गति, सामाजिक विकृत चरित्र आदिलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कवितामा कविले आज मानिसको व्यवहार नै विसङ्गत र आश्चार्य लाग्दो बन्दै गएको छ भनेकी छन् । पशुपतिको छेउछाउमा देखिने युवायुवतीको सारहीन मायाप्रेम, लक्ष्यहीन यात्रीको दैनिक यात्रा, पटक-पटक लुटिन बाध्य नारीको जीवन अनि सिर्जनाहीन शून्यबाताट कविता पीडित रहेको कथ्य यस कवितामा अभिव्यक्त भएको छ । अन्ततः नारी स्वतन्त्रता र स्वतन्त्र जीवनसँग गएर कविताको कथ्य ठोकिन पुगेका छ । यसरी प्रस्तुत कविताले वर्तमान समाजमा विसङ्गतिलाई औंलाउँदै अस्तित्त्वको खोजी गरेको देखिन्छ ।

विद्रोहको रङ्गमा फुल्ने

मेरा प्यारा लालीगुराँस र सयपत्रीहरू

किन तर्साउँछ लाजले

किन निराशा ओढाउँछ नोलिने ?

यस्तै पृथक-पृथक सोचहरूले

भत्काइ रहेछ, गिजोलिरहेछ । (थापा, २०५६:६०)

अन्ततः नारी स्वतन्त्रता र स्वतन्त्र जीवनसँग गएर कविताको कथ्य ठोकिन पुगेका छ । यसरी प्रस्तुत कविताले वर्तमान समाजमा विसङ्गतिलाई औंलाउँदै अस्तित्त्वको खोजी गरेको देखिन्छ ।

**(ज) सोधि हेरौं !**

'सोधि हेरौं' कवितामा कवि भवानी थापाले नेपाली कम्युनिष्ट आन्दोलनलाई ठोस विश्लेषण गर्नुपर्ने धारणा राखेकी छिन् । कम्युनिष्ट आन्दोलका समयमा जनताहरूलाई विभिन्न किसिमले दिएका आवश्वासन एवम् जनताबाट पाएको सदायसयतालाई ध्यानमा

राखी अझै क्रान्ति बाँकी रहेका धारणा यहाँ व्यक्त छ । क्रान्ति गर्ने भएर जुन मुद्दाका लागि गरियो त्यही मुद्दाप्रति बेवास्ता गर्नु कम्युनिष्ट आन्दोलनको उपहाँस भएको कथ्य यसमा व्यक्त छ । क्रान्तिलाई तुहाउने कारण र व्यक्तिको खोजी गर्न कविताको क्रान्तिकारी समक्ष आग्रह गरेको छ ।

दुष्मनको गोली लाग्दा बगेको

रगतका टाटाहरूलाई सोधि हेरौं

गन्तव्यमा नपुग्दै हाम्रो यात्रा शिथिल बनाउने

उचाइ नापिरहेको हाम्रो आन्दोलन

ओह्रालोतिर बगाउने को हो ? भनेर

आऊ साथी

खोजि हेरौं, सोधिहेरौं (थापा, २०५६:६२)

यस्तो क्रान्तिका नायिकेहरूप्रति क्रान्तिको लक्ष्य, उद्देश्य एवं प्राप्तीलाई पुनर्मुल्याङ्कन गरी जनतालाई त्यसको वर्तमान अवस्था र सत्यताको जानकारी गराउन र बाँकी कर्तव्य निभाउने कविताले आग्रह गरेको छ ।

**(झ) धमिरा लाग्दैछ खम्बाहरूमा**

‘धमिरा लाग्दैछ खम्बाहरूमा’ कवितामा नेपाली समाजका विकृति र विसङ्गतिलाई झर्लङ्ग देखाइएकौ छ । वर्तमान समाज प्रगति र नयाँपनको नाममा कतिपय विकृतितपर्फ उन्मुख भइरहेको छ । खासगरी आफूलाई नयाँ पुस्ता ठान्ने नवयुवाहरू पुरानापुस्ताका सबै कुरालाई आलोचना गर्न थालेका छन् । यथार्थमा पुराना पुस्ता नै ज्ञान र अनुभवको भण्डार भए तापनि तिनीहरूलाई नयाँ पुस्ताले लत्याउने तथ्यलाई यहाँ प्रभावकारी रूपले प्रस्तुत गरिएको छ । प्राचीन नेपाली संस्कृतिलाई वास्तविक खम्बा र आधुनिक विदेशी संस्कृतिका उपासकलाई धमिराको प्रतीकात्मक संज्ञा कवितामा दिइएको पाइन्छ ।

१६, १८ वर्षका उनीहरू र

आधा कपाल फुलेका बाहरू बीच

बिहान सधैँ युद्ध हुन्छ

युद्धको मैदानमा

छोराको भेषभूषाले

बाको रिसको आगोमा घ्यू थप्छ । (थापा, २०५६:६३)

यस कविताले अहिलेका नवयुवाहरूमा आएको विदेशी संस्कृतिको आकर्षण र नेपाली संस्कृतिको विकर्षणको पक्षलाई सुधार्नु पर्ने तर्फ ध्यानाकर्षण गराएको छ ।

**(ञ) म मूर्ख मान्छे**

'म मूर्ख मान्छे' मात्र ५ हरफको लघुत्तम कविता हो । यस कवितामा नेपाली नेता वा नेतृत्वकर्ताप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको छ भने नेपाली जनताको मूर्खताप्रति पनि व्यङ्ग्य वाण हानिएको छ । क्षमताहीन व्यक्तिलाई राष्ट्रको नेता चुन्नु भनेको चुन्ने र चुनिने दुवैको असक्षमपन भएको कविताको भाव रहेको छ । बाजा बजाउन नजान्नेबाट सुमधुर सङ्गीतको आशा राख्नु गलत हो भन्दै साङ्केतिक रूपले नेपाली जनताले नेपाली नेताबाट आशा राख्नु गलत भएको कथ्य यस कविताले प्रस्तुत गरेको छ ।

बजाउन नजान्ने

मानिसको हातमा

राखि दिए र मादल

सुर-तालको आशा गर्ने

म मूर्ख मान्छे ! म लाटो मान्छे ! (थापा, २०५६ : ८३)

यसरी प्रस्तुत कविताहरूले वर्तमान नेपाली समाजका विसङ्गत अवस्थालाई कथ्य बनाएका छन् । नेपाली समाजमा सामाजिक, सांस्कृतिक, धार्मिक आदिको क्षेत्रमा देखिएका यी विचलनको स्थितिलाई चिर्नका लागि समेत प्रस्तुत कविताहरूले आग्रह गरेका छन् । विसङ्गतिलाई नङ्ग्याउँदै स्वस्थ, समृद्ध विकसित समाजको आशा समेत प्रस्तुत कविताको राखेका छन् ।

### ३.१.२ राष्ट्रियता सम्बन्धी कथ्य रहेका कविता

**सुनामी** कविता सङ्ग्रहमा भवानी थापाले राष्ट्रियता सम्बन्धी कविता प्रशस्तै लेखेकी छन् । देशकाो बिग्रँदो स्थिति र त्यस भित्रका नकारात्मक पक्षमा विश्लेषण गर्दै अर्न्तराष्टिय चेतना समेत यिनका कवितामा व्यक्त गरिएको पाइन्छ । खासगरी नेपाल र नेपालीका स्वाभिमान र आत्मगौरवका विषयलाई यिनले कवितामा प्रखर रूपले उठाएकी छिन् । यदाकदा राष्ट्र विरोधी तत्त्वलाई सशक्तप्रतिकार समेत गरेकी छिन् भने राष्ट्रभित्रका षड्यन्त्रकारी भ्रष्टाचारी, कालोबजारीहरूप्रति तीव्र आक्रोश व्यक्त गरेकी छिन् । यस्ता कविताहरूमा फेरि झुटो कथा नलेखियोस्, बुद्धले बन्दुक माग्नेछन्, राष्ट्रियता चाहिन्छ, मेरो देश, आशा डढेको छैन, परदेशी आदि प्रमुख रहेका छन् ।

### (क) फेरि झुटो कथा नलेखियोस्

प्रस्तुत कवितामा कवि भवानी थापाले नेपाल राष्ट्रप्रतिको प्रेमलाई व्यक्त गरेकी छिन् । नेपालमा बढेको कुशासनलाई चुनौती दिँदै नेपालमा कुनै दिन रामराज्य रहेको तर्क पनि पेस गरिएको छ । नेपाल खराब इतिहास बोकेको राष्ट्र होइन कवितामा भनिएको छ :

त्यो इतिहास सच्याई हेर

त्यही फूलले रामकथा सिङ्गारेका छ

आफू मरेर उसले

रामलाई ज्यूँदो राखेको छ । (थापा, २०५६:१)

नेपालको इतिहास वीरता र रगतले लेखिएको गौरव र स्वाभिमानको इतिहास हो । नेपाललाई रावण राज्यमा परिवर्तन गर्न खोज्ने कुरा साहस नगर्नु होला । नेपालका शासकहरूप्रति खबरदारीको स्वरमा प्रस्तुत कविता व्यक्त भएको छ ।

**(ख) बुद्धले बन्दुक माग्ने छन्**

प्रस्तुत कवितामा राष्ट्रप्रेमलाई धनी भूत रूपले प्रस्तुत गरिएको छ । क्रूर शासकको चाँडै पतन हुने शङ्ख घोष गरिएको यस कवितामा अब जनताको शासन गर्ने पालो आर्य सकेको कुरा व्यक्त छ । हिंसा र आतङ्कको भरमा शासन गर्नेलाई अब शान्तिको शासन हुने चेतावनी दिइएको छ । आफ्नै चेलीबेटी बेचेर धन कमाउने व्यभिचारीलाई अब हाम्रा हतियार अर्जापिने चेतावनी यहाँ कविले दिइएकी छिन् उनी कवितामा भन्छिन् :

हाम्रो सन्ततिहरूलाई बल्छीमा पार्दै

विदेशमा स्वर्ण-जयन्ती मनाउन खोज्यौ भने

राष्ट्रको अस्मिता जोगाउन

बाध्य भएर बुद्धले

हतियार ! हतियार ! भन्दै चिच्याउने छन् !

बन्दुक ! बन्दुक ! भनी चिच्याउनेछन् ! (थापा, २०५६:४)

विदेशमा गएर मोजमज्जा बिलासितामा रमाएर राष्ट्रको अरिमतामा खलल पुऱ्याउनेलाई अब नछोडिने कथन कविको छ । बुद्धलाई निर्दोष जनताका रूपमा प्रतीक बनाइएको छ । अन्नतः राष्ट्रमा सुशासनका निम्ति सबै जनता उठ्नु पर्ने भाव यहाँ व्यक्त भएको छ ।

**(ग) राष्ट्रियता चाहिन्छ**

'राष्ट्रियता चाहिन्छ' कवितामा सटिक रूपले राष्ट्रियताको भावलाई व्यक्त गरिएको छ । मानिस बाँच्नका लागि श्वास चाहिन्छ, श्वास धान्नका लागि गाँस चाहिन्छ । त्यस्तै गाँस र श्वासलाई दीर्घ जीवन दिन बास चाहिन्छ । यहाँ लोखिएको छ :

म नेपाली हुँ भन्नेहरूको

त्यही श्वासमा, प्रत्येक श्वासमा

राष्ट्रियताको आभाष चाहिन्छ । (थापा, २०५६:३६)

नेपालीहरूमा त्यही गाँस, बास, श्वासमा नेपालीपन मिसिएको छ । अतः नेपाली हुनका लागि राष्ट्रियताको आभाष चाहिने कुरा कवितामा व्यक्त छ ।

**(घ) मेरो देश**

'मेरो देश' अत्यन्तै व्यङ्ग्य पूर्ण आधारित कविता हो । अनेकौं क्षमता र शक्ति बोकेका देशको बीचमा रहेको देश नेपाल निरीह बनी उभिएको छ । बुद्धिहीनहरू राष्ट्र विरोधी तत्त्वले डसिरहेको मेरो देशको अस्मितामा आज धेरैले धावा बोल्न थालेका छन् । यी मुर्कुट्टाहरूले मेरो देशलाई जुनसुकै बेला स्वार्थका निम्ति साट्न सक्छन् । कवि अगाडि लेख्छिन् :

बहादुरी र वीरतालाई

रगत र शहीदको इतिहासलाई

जहाँ, जहिले, जसरी पनि

साट्ने स्वार्थीहरूको निम्ति

खाली तर सही गरेको

चेक बनेर उभिएको छ मेरो देश । (थापा, २०५६:४५)

कविले प्रत्येक जनता अब सचेत भई देशको रक्षाको निम्ति एकजुट हुन आग्रह गरेकी छिन् । हाम्रा शासकहरूले देशलाई सही गरेको चेक समान रूपले साटेर स्वार्थ पूर्ति गर्न सक्ने सङ्केत कविले राष्ट्रवादीहरूलाई गरेकी छिन् ।

### (ङ) आशा ढलेको छैन

'आशा ढलेको छैन' कवितामा राष्ट्रवादी स्वरलाई प्रखर रूपले उठाइएको छ । भोलिको देशको स्थिति विकराल बन्दै छ । देशमा हिंसा र आतङ्कले आँसु खोला बगेको छ । अब देशमा फेरि शान्ति र अमन चैन स्थापना होला भन्ने आशामा नै सङ्कट पर्दैछ । वास्वतमा गरिब गाउँलेहरूले माग बुझेका होलान् । राष्ट्रको माया, आमाको माया यी निश्चल र निश्छल आत्माहरूलाई अब कसले सुरक्षा कवच ओढाउन सक्ला ? कविको प्रश्न कवितामा यसरी व्यक्त भएको छ :

मन्द मन्द चलेको सिरेटोले

चिस्याउँदैछ जोस मुट-मुटुमा

फेरि मेघ गर्जिन्छ र

फेरिर हरियाली फर्किन्छ भन्ने भावनाहरू

हिउँ बनेर जम्न खोज्दैछन् । (थापा, २०५६:५२)

### (च) हामीलाई हाम्रो दशे प्यारो छ

'हामीलाई हाम्रो दशे प्यारो छ' राष्ट्रियताको स्वरलाई अत्यन्तै प्रखर रूपमा उठाइएको कविता हो । राष्ट्रियता भन्ने कुरा कुनै व्यक्ति वा संस्था भन्दा उच्च स्तरको कुरा हो । नेपालका प्रत्येक भौगोलिक, वनस्पतिगत सौन्दर्यताप्रतिको प्रेम सबैभन्दा उच्च राष्ट्रिय प्रेम हो । हामीले हाम्रो देश, यहाँको माटो भन्दा ज्यादा प्यार गर्ने वस्तु केही पनि छैनन् उनी कवितामा भन्छिन् :

यो देशको खोलानाला र

जङ्गल, माटो, हिमाल प्यारो छ

गरिब भए पनि, स्यानो भए पनि

हामीलाई हाम्रो देश प्यारो छ

अति प्यारो छ । (थापा, २०५६:५६)

स्वार्थबाट माथि उठेर दिएको वास्तविक बलिदानमा मात्र राष्ट्रियता पोखिएको हुन्छ । सर्थका लागि र सत्ताका लागि मात्र गरिएको क्रान्ति सम्मानजनक बन्न सक्दैन । शहीद बन्नका लागि त राष्ट्रका लागि त्याग र बलिदान गर्न सक्नु पर्छ ।

**(छ) परदेशी**

'परदेशी' गीति कविताका रूपमा रहेको उत्कृष्ट राष्ट्रियताको भाव बोकेको कविता हो । धेरै मानिस वा नेपालीहरू विदेश गएका छन् । कतिपयले विदेशमा राम्रो र विलासी जीवन बिताएका छन् भने कतिले अत्यन्तै दुःख गरी बिताएका छन् । नेपालीहरू स्वदेशमा नै हुँदा पनि यहाँका खेत, कान्ला, पहराहरूमा अथक परिश्रम गर्ने बानी परेका छन् । कत्ति चट्टानमय जमिनमा चट्टान फुटाएर खेती गरी आफूलाई चाहिने बाली फलाएका छन् । हात खियाएर खनी खोस्री कुलो बगाएका छन् । पहराका चट्टान कठोरतालाई फूल रोपेर सौन्दर्य र कोमलताको पाठ सिकाएको छौं । कवितामा भनिएको छ :

खनी-खोस्री कुलो बगाई

बगाएका छौंप्रति आफैँले

ढुङ्गा फुटाई चट्टान पगाली

पहराहरूमा फूल रोपेर

फुल्नु र फल्नु पर्छ भनेर

बसाएका छौं रीत आफैंले (थापा, २०५६:९८)

यसरी विवेच्य कविता सङ्ग्रहमा राष्ट्रका अङ्ग अङ्गप्रतिको प्रेम अभिव्यक्त भएको छ । राष्ट्रिय स्वाभिमान, अस्मिता र अस्तित्त्वप्रति अत्यन्तै सचेत भई कविता लेखिएको छ । राष्ट्रको अस्मितामा धज्जी उडाउनेप्रति तीव्र आक्रोश र प्रहारमूलक अभिव्यक्ति प्रस्तुत गरिएको छ । राष्ट्रिय उत्थान, प्रगति र समृद्धिको पक्षमा आफ्ना स्वर बुलन्द गरिएको छ । कवि भवानी थापाको **सुनामी** कविता सङ्ग्रहभित्र राष्ट्रियताका भाव बोकेका कविता ज्यादै सशक्त र प्रभावपूर्ण देखिन्छन् ।

### ३.१.३ नारी समस्या सम्बन्धी कथ्य रहेका कविताहरू

विवेच्य कविता सङ्ग्रहमा नारी समस्यालाई कथ्य बनाइएका कविताहरूको सघन उपस्थिति पाइन्छ । मूलतः नेपाली नारीले भोग्नु परेका कतिपय समस्याहरूलाई कवि थापाका कविताले ज्वलन्त रूपमा प्रस्तुत गरेका छन् । आज नारी धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनीतिक आदि विभिन्न क्षेत्रबाट पीडित बन्नु परेको छ । कतिपय लैङ्गिक भेदभाव एवं धार्मिक तथा जातीय अन्धविश्वासका सिकार समेत महिला नै बन्नु परेको यथार्थ हाम्रो समाजमा विद्यमान छ । प्राकृतिक रूपमा प्राप्त नारी स्वभाव र शरीरलाई आजका पुरूषहरूले विभिन्न तौर तरिकाले शोषण र पीडन गरिरहेका छन् । कवि भवानी थापा स्वयम् नारी भएकाले यिनी 'सुनामी' कविता सङ्ग्रहमा नारी समस्यालाई अत्यन्त मार्मिक प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्षम छिन् । यस्ता कथ्य रहेका केही कविताको चिनारी निम्नानुसार गरिएको छ :

### (क) तिम्रो सपना अब हाम्रो सपना बनेको छ

प्रस्तुत कवितामा नारी समस्यालाई प्रस्तुत गरिएको छ । एउटा पुरूषसँगको दाम्पत्य जीवन जिउने क्रममा अकस्माता पुरूषको अभावको स्थिति सिर्जना भएमा नारी पीडित हुन सक्दिनन् । नारीलाई यो समाजमा एक्लै बाँच्न र जीवन बिताउन ज्यादै कठीन छ । पुरूषको वियोगले नारी अस्तित्त्व र अस्मितामा नै प्रश्न गर्ने यो समाजका अगाडि नारी मनोविज्ञान निरीह देखिन्छ, कवितामा लेखिएको छ :

तिमी त अलप भयौं

खग्रासले ढाकेको रातको जून झैं

एउटा कलङ्कहीन यात्रा रोकियो

त्यसैलै मैले टड्कारै देख्न थालेकी छु

भोलि बिहान

म व्यूँझेको छु - सपनाबाट

जादुगर सपनाबाट र

म तिम्रो आकांक्षाको बीज बनेकी छु

किनकि तिम्रा सुन्दर सपनाहरू

अब हाम्रा सपना बनेका छन् । (थापा, २०५६:२)

यतिमा होइन एउटा युद्ध या आन्दोलनको हुरी लिएर हिँडेको लोग्नेको असामायिक निधनले स्वास्नी मानिसमा ज्यादै जिम्मेवारी बढ्न पुग्छ । आफ्नो लोग्नेका लक्ष्य र चाहना प्राप्तिका लागि सङ्घर्ष गर्न स्वास्नी मानिसलाई ज्यादै अप्ठेरा पहाडहरूले छेक्छ । यद्यपि स्वास्नी मानिस उक्त जिम्मेवारीबाट पछि हट्ने छैनन् ।

**(ख) यो तीज हो ।**

'यो तीज हो' कविता नारी समस्यालाई प्रस्तुत गरिएको कविता हो । खासगरी हाम्रो सामाजिक परिवेशका नारीहरू माइतघरलाई आनन्द र खुसीको वास्तविक क्षेत्र ठान्दछन् । नारीहरू विशेषत तीजमा माइत गएर रमाइलो गर्दै पतिको दीर्घायुका लागि ब्रत समेत बस्ने चलन हिन्दु नारीहरूको रहेको छ । तीजमा माइतघर जाने र रमाइलो गर्ने लगत रूढ नै बनिसकेका अवस्थामा पनि केही नारी आफ्ना सासु ससुरा वा पति आदिको असहमतिका कारण माइतीघर जान पाउँदैनन् । कवितामा कविले लेखिकी छन् :

आज तीज हो

मेरी आमाले मलाई डाक्ने दिन

तर बाध्यताका साङ्लाहरूले जेलिएकी मैले

उनका आँखाको तिर्खा मेट्न सकिन

उनको पनि मुटुमा गाँठो पर्दै होला

छोराछोरी माझ मलाई नदेख्दा । (थापा, २०५६:६)

यसरी नारीको चाहना र खुसीमा तगारो हाल्ने प्रवृत्तिप्रति कविको आक्रोश कवितामा पोखिएको छ । कवितामा दीनहीन नारीका विवशतालाई सम्झिएको छ भने एउटी छोरी तीजमा समेत माइतघर नआउँदा आमाको वेदनाको उत्कर्षतालाई पनि यहाँ मार्मिक प्रस्तुत गरिएको छ ।

**(ग) सङ्कल्प बोकेका नारीहरू**

'सङ्कल्प बोकेका नारीहरू' कवितामा नारीलाई सामाजिक परिवेशसँग जोडेर हेरिएको छ । खासगरी नेपाली नारीहरूले भोगेका अनेकौं समस्या नै विवेच्य कविताको कथ्य रहेका देखिन्छ । यहाँका नारीहरू कतै बलात्कारको कतै बोक्सीको कतै नानाथरीका आरोपबाट पीडित छन् उनी भन्छिन् :

अमुक धरतीलाई आमा भनिन्छ

आमा भन्नुको अर्थ उसलाई नारीमा गनिन्छ

थुकिन्छ, लत्याइन्छ, मलमुत्रले सजाइन्छ

तेरो, मेरो भन्दै चिथोरी चिथोरी

यसको रस चुसिन्छ । (थापा, २०५६:९)

**(घ) तिम्रो विवाहमा उपहार मेरा**

'तिम्रो विवाहमा उपहार मेरो' नारी समस्यामा आधारित कविता हो । कविले आफ्नी साथीलाई सम्बोधन गरी लेखेको यस कवितामा नारीले परम्परागत नारी चरित्रलाई त्यागेर आँट, साहस र हिम्मतका साथ नयाँ इतिहास रहनु पर्ने तर्फ सचेत गराइएको छ । नारीहरू चुरा, र पाउजुमा रमाएका छन् । नारीको कुचो र नाङ्लोलाई जीवन मानेका छन् । यिनीहरू कोठा बढार्दै, चुल्हो लिप्दै एवं नानी हल्लाउँदै जीवन गुजार्दै छन् । कविको जोड उपर्युक्त नारी प्रवृत्तिलाई चिर्दै नयाँ नारी इतिहास लेख्ने र समाजमा नारीको अस्मिता स्थापित गर्ने तर्फ केन्द्रित देखिन्छ । नारीका यी परम्परागत संस्कृतिप्रति विरोध गर्दै कविले अबको युगमा नारीले आफू माथिको अन्याय र अत्याचारलाईप्रतिकार गर्दै समतामूलक समाज निर्माणमा तल्लीन हुनुपर्ने कुरा व्यक्त गरेकी छन् उनी कवितामा भन्छिन् :

अन्धकारलाई चिर्ने धारिलो कैचीबनेर

अन्धविश्वासका तुवाँलोहरू

महिला विरोधी जालहरू र

प्रत्यके दुर्गन्धित छालहरू

तिमीले नै काट्नु पर्छ,

नयाँ घरमा तिमीले

वीरङगना र विदुषीको रूपमा

भित्रिन सक्नुपर्छ । (थापा, २०५६ : ३८)

अन्ततः कविले हाँक दिँदै अबका नारी क्रान्ति गर्न र आफ्नो क्षमता र हैसियत देखाउन सक्षम हुने दर्शाएकी छिन् । पुरूषले खडा गरेका काँडे साङ्ला चुडाल्न सक्षम नारीको प्रतीक्षा कवितामा गरिएको छ ।

**(ङ) भाग्यको थालमा कर्म पस्कनेहरू**

'भाग्यको थालमा कर्म पस्कनेहरू' नारी समस्यामा केन्द्रित कविता हो । परापूर्व कालदेखि नै शोषित पीडित नारीहरू आफ्ना लागिभन्दा पति वा पुरूषका लागि बढी त्याग र तपस्या गर्न बाध्य छन् । पतिले छोरो जन्माउनका लागि अनेकौं पटक पत्नीलाई गर्भवती तुल्याउँछ । पत्नी आफूमा छोरो जन्माउन त्यति धेरै चाह राख्दिन उनी कवितामा भन्छिन् :

छोरा जन्माउने रहरले भन्दा

सौता भित्रिएर काम खोसिने डरले

पटक-पटक गर्भधारण गरिरहेछन्

अवसर-अभावमा मर्नु परे पनि

दीर्घजीवी र चिरञ्जीवी भनेर

शुभाषिष बाँड्दै

डाक्टरहरू जन्माइरहेछन् । (थापा, २०५६: २९-३०)

पत्नी त आफूले छोरो नजन्माएमा पतिले अर्की सौता भित्र्याउने पीरमा मात्र पटक-पटक गर्न स्वीकारी दिन्छे । यो समाजले आमा र हजुर आमाहरूलाई अवमूल्यन गरेको कुरा विवेच्य कवितामा कवि भावनी थापाको रहेको छ ।

**(च) विधवाको डायरी**

'विधवाको डायरी' नारी समस्यालाई प्रस्तुत गर्न सक्षम कविता हो । एउटी नारीको भर पर्ने आधार नै आफ्नो श्रीमान रहेको हुन्छ । आफ्नो श्रीमानको माया प्रेम र साहरामा नै नारीले जीवन बिताउन सक्छे । तर कतिपय नारीले आफ्नो लोग्नेबाटै समस्या भोग्नुपर्छ । विभिन्न बहाना गरी सधैँभरि रक्सीको नशामा लट्ठिएको लोग्ने आफ्ना छोराछोरीको भविष्यप्रति त चिन्तित हुँदैन नै आफ्नी स्वास्नीलाई समेत विभिन्न किसिमका यातना दिन्छ ।

चाहे शारीरिक होस् या मानिसक नारीले यातनाको नीलडाम बोकेकी हुन्छे । आफ्नो भरोसाको केन्द्रबाटै नारी यातनाको सिकार बन्दछे । जस्तै :

कहिले दुःखको तार लामो भएर

कहिले खुसीको भार धेरै भएर

कहिले जीउ दुखेको कहिले कारोबार सुकेको

कहिले टाउको दुखेको बाहनामा पिउँछ ऊ । (थापा, २०५६:३१)

अन्ततः मादक पदार्थको सेवनले अल्पायुमै मरेको लोग्नेबाट रानीले विधवा बन्दा पनि दुःख र पीडाका बीच जीवन बिताउनु पर्छ । यसरी नारीले लोग्नेबाट र लोग्ने नभएको अवस्थामा समेत वैयक्तिक तथा सामाजिक रूपमा विभिन्न यातना खप्नु पर्ने तथ्यलाई कवितामा प्रस्तुत गरिएको छ ।

**(छ) किन बाँच्छौं लाश बनेर ?**

'किन बाँच्छौं लाश बनेर ?' कवितामा नारी समस्यालाई ज्वलन्त प्रस्तुत गरिएको छ । नारीहरू माथि पुरूषको अमानवीय ढङ्गले थिचोमिचो र दुर्व्यवहार गर्दछन् । नारीहरू सबै सहेर निरीह बनी बाँच्दछन् । नारीले पकाएर खाने भएकाले यिनीहरू पकाउन जान्दैनन् । कवितामा कवि थापाले लेखेकी छन् :

वीजो आफ्नो स्याहार आफैं गर्न जान्दैनन्

लुगा धुने र बुट पोलिस गर्ने तिमी को हो ? चिन्दैनन्

ती जो तिमीलाई बच्चा जन्माउने मेसिन ठान्दछन्

यी सगर्व तिमीलाई दासी र जुत्ता मान्दछन्

तिमीलाई मूर्ख र पशु भन्दछन् । (थापा, २०५६:४३)

त्यस्तै आफ्नै स्याहार, लुगा धुने, बुट पोलिस गर्ने जस्ता काम पनि नारीले नै गरि दिनु । नारीलाई मूर्ख, दासी, पशु सम्झने पुरूषवादी चिन्तनले महिलालाई नानी जन्माउने मेसिन मात्र ठान्दछ ।

### (ज) हारेको होइन

'हारेको होइन' नारी समस्या सम्बद्ध कविता हो । नारी कहिले छोरी बनेर कहिले बुहारी बनेर कहिले आमा र कहिले पत्नी बनेर जीवन बिताउँछे । यी सबै नामले चिनिदा नारीले उच्चता भने प्राप्त गर्न सक्दिन । विभिन्न रीति र संस्कारको पेलानमा नारी पिल्सिदै आउनु पर्ने बाध्यता अझै उस्तै छ । कर्म र भाग्यको चपेटामा परि नारीहरू अहिले पनि पीडा र सन्त्रासमा नै बाँच्न विवश छन् । कवितामा कविले लेखेकी छन् :

कहिले भाग्य र कर्मको

ओख्लीमा हालेर कुटिएछु

विविध बाहनामा

बन्धन कस्सिएछन्

परिणाम ! (थापा, २०५६:८०)

यसरी विवेच्य सङ्ग्रहमा नारीका विभिन्न समस्यालाई केन्द्रमा राखेर कविता लेखिएको पाइन्छ । यी कवितामा नारीले भोग्नु परेका समस्यालाई प्रस्तुत गर्दा मूलतः नेपालकै सामाजिक परिवेशलाई आधार बनाइएको देखिन्छ । प्रायसः यस्ता कविताका अन्त्यतिर विद्रोह गर्न आह्वान समेत गरिएको पाइन्छ । यस्ता कविता सकल र सशक्त रूपले सङ्ग्रहमा प्रस्तुत भएका छन् ।

### ३.१.४ मानवीय स्वतन्त्रता सम्बन्धी कथ्य रहेका कविता

कवि भवानी थापाको 'सुनामी' कविता सङ्ग्रहमा मानवीय स्वतन्त्रता अभिव्यक्तिहरूलाई प्रखर रूपमा प्रस्तुत गरिएको छ । कतै लैङ्गिक कतै सामाजिक, कतै

वर्गीय, कतै जातीय त कतै राष्ट्रिय स्वतन्त्रताको स्वरलाई यहाँका कविता उच्चस्वरले उरालेका छन् । मानिस विभिन्न पर्खाल र साङ्लाले जकेडिएको छ । स्वाधीन बन्न सङ्घर्ष गर्दा गर्दै मानिस परजीवि र पराधीन अवस्थामै मृत्युको मुखमा पुग्न बाध्य छ । यद्यपि मानिसले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्ने स्वर यहाँका कवितामा रहेको छ । सङ्ग्रहका यस्ता कविताहरूमा बन्धमुक्त हुन चाहन्छु, म सित बनेको छ आज मान्छे, उज्यालोको खोजीमा म छोरी भएर जन्मिरहुँ, समयले मलाई बोलायो, अंशियार प्रजातन्त्र, भावना यो बगेपछि, न पुरिएको खाडल, कसले थुन्न सक्छ, उज्यालोलाई, शहीदको सम्भनामा, आज मेरो हो, टुक्राटुक्री, जीवन सजिलो छैन रे आदि रहेका छन् । यी कविताको मूल कथ्यलाई निम्नानुसार बेग्ला बेग्लै देखाइएको छ :

**(क) बन्धन मुक्त हुन चाहन्छु**

'बन्धन मुक्त हुन चाहन्छु' कवितामा नारी स्वतन्त्रतालाई केन्द्रमा राखिएको छ । हिजो नारी स्वतन्त्रताका नारा उराल्नेहरू आज विलासितामा डुबेका छन् । नारीलाई गिद्धे दृष्टि राख्नेहरू आज पनि समाजमाप्रतिष्ठित छन् । कविले लेखेकी छन् :

एकदिन त भाँचिन्छन् भाँचिन्छन्

त्यस दिन यथार्थ नाङ्गिनेछ

म बन्धनमुक्त हुनेछु

त्यसैले वर्तमानलाई पनि

मुक्तिको खोजमा

अझै डोहोऱ्याएर हिँड्न चाहन्छु । (थापा, २०५६: ८)

आज पनि नारीले हिजो भन्दा दरिलो गरी मुक्तिको आन्दोलन छेड्नु परेको छ । पछि हटेर होइन नारी सङ्घर्षलाई अझै कडा गरी अगाडि बढाउनु छ ।

**(ख) मेशिन बनेको छ मान्छे**

'मेशिन बनेको छ मान्छे' कवितामा मानवीय स्वतन्त्रताको स्वरलाई प्रस्तुत गरिएको छ । आजको मान्छेमा मानवीयपन हराउँदै गएको छ । मानवीय अस्तित्त्व र अस्मिता लुटिएको र खोसिएको छ । इतिहास-इतिहासमै सीमित राखी आज इज्जत र इमान हराएको छ । यहाँ लेखिएको छ :

मुट्ठी कसेर धरती निचोरे पनि

हाँसेको र बाँचेको अभिनय गर्दैछ, आज मान्छे

अनुहारभरि विवश हाँसो झुण्डाएर

अपनत्व र हार्दिकताका खातिर

काकाकुल बनेको छ, आज मान्छे । (थापा, २०५६:११)

अभाव र गरिबीको चपेटामा परी अझै कहाली लाग्दै बन्दै गएको छ मान्छे । हार्दिकता र आफ्नोपनको खोजीमा भौतारिनु पर्ने भएको छ । यसरी मानवीय विसमताका बीचमा स्वतन्त्रताको खोज कविताले गरेको छ ।

**(ग) उज्यालोको खोजीमा**

'उज्यालोको खोजीमा' कवितामा वर्तमान परिवेशमा सिङ्गो देशले नै स्वतन्त्रता चाहेको सन्दर्भ प्रस्तुत छ । शान्ति र अमनचैनको लागि कवि सङ्घर्ष भए तर कुनै फलदायी भएनन् । आज पनि देश अन्धकारमा नै रूमल्लिरहेको छ । यहाँको हरेक कुरामा चेतनाको ज्योति छाउन सकेको छैन । कविता लेखिएको छ :

सबै सधैं आफैंसम्म सीमित छन्

खै कहाँ छ कुन्नि उज्यालो !

यहाँ त केवल अध्यारा मनहरू र

काला हावाहरूसँग ठोकिन्छ

म र मेरो मन (थापा, २०५६:१६)

आज पनि यहाँ विकराल एवं भयावह वातावरणसँग सिगौरी खेल्नु पर्ने बाध्यता जीवितै रहेको देखिन्छ ।

**(घ) म छोरी भएर जन्मिरहूँ**

'म छोरी भएर जन्मिरहूँ' कवितामा छोरीले समाजमा आलोचित र बहिस्कृत हुनुपर्ने स्थितिलाई दर्शाइएको छ । देशका विभिन्न आन्दोलन र परिवर्तमा छोरीको उपस्थिति छ । नेपाल एकीकरणदेखि लिएर विश्वकै इतिहासमा पनि छोरीको मूल्य महत्त्वपूर्ण छ । यहाँ लेखिएको छ :

आफ्नै रगतको धरती सिंच्न सक्ने

रत्ती नझुकी 'सुखानी' भएर फुल्न सक्ने

साहसिला छोरा र छोरीहरू जन्माइरहने

मलाई रहर छ छोरी भएर जन्मिइरहने

मलाई रहछ आमा बनेर बाँचिरहने । (थापा, २०५६:२४)

कविले छोरा र छोरीमा विभेद हुनु मूर्खता हो भन्दै प्रत्येक छोराहरू समेत आमाकै काखबाट जन्मिएको तर्क प्रस्तुत गरेकी छिन् । आफू कहिल्यै छोरा छोरीमा भेदभाव नगर्ने बरु साहसी छोरा वा छोरीको जन्म दिने कुरा कवि थापाको रहेको छ ।

**(ङ) समयले मलाई बोलायो**

समयले मलाई बोलायो मानवीय स्वतन्त्रताका पक्षमा उभिएको कविता हो । आज मान्छे पीडा र वेदना सहँदै बसेको छ । कति अन्याय र अत्याचारमा पनि निरीह भई बाँचेको छ । पीडा र उत्पीडन सहनु उसको दैनिकी बनेको छ । यहाँ अब आन्दोलनको वा चेतनाको

उदय भई सकेको कुरा देखाइएको छ । अब घाम झुल्किसकेको छ । अब सबै एक जुट भएर क्रान्ति गर्नुपर्ने बेला भएको छ उनी कवितामा भन्छिन् :

ऊ हेर मिर्मिरेले धरती चुमेछ

बाँसघारीमा चरा करायो

लौ ! म जान्छु

समयले मलाई बोलायो । (थापा, २०५६:२५)

अब चेतनाका प्रकाश देखिन थालिसकेका छन् । क्रान्तिका लहर देखिन थालिसकेका छन् । अब अन्याय सहेर बस्ने छैन ।

**(च) अंशियार**

'अंशियार' मा मानवीय स्वतन्त्रतालाई बुलन्द गरिएको छ । धर्तीमा जन्म लिएपछि प्रत्येक नागरिकले टेक्ने ठाउँ र ओत लाग्ने आकाश पाइनुपर्छ । यो धर्ती कसैको पोव होइन । यहाँ बाँच्न पाउने सबैको अधिकार हुन्छ उनी कवितामा भन्छिन् :

एक टुक्रा आकाश ओत लाग्न

एक चोक्टा धरती उभिन

मेरो अधिकारभित्र पर्नुपर्छ

आफ्नो परिचय मैले पनि

आफैँ बोल्नु पाउनु पर्छ । (थापा, २०५६:२६)

कसैले धर्ती कब्जा गर्छ भने त्यसको विरूद्धमा स्वतन्त्रताको लडाइँ लड्नुपर्छ । सबैले आफ्नो परिचय खोज्नु पर्छ ।

**(छ) प्रजातन्त्र**

'प्रजातन्त्र' मानवीय स्वतन्त्रता सम्बन्धी कविता हो । प्रजातन्त्रको लडाइँमा प्रत्येक नागरिकले भाग लिनु पर्छ । प्रजातन्त्र दिन नचाहने, अन्याय र अत्याचारमा रमाउने, शोषण र पीडन चाहनले, मानिसलाई निरङ्कुशतामा राख्न चाहनेले यसको विरोध गर्न सक्छन् । कसै अग्रणीलाई घुस खुवाउन, विष पिलाउन, डर र धम्की दिन सक्छन् तर त्यसबाट कत्ति पनि विचलित नभई स्वतन्त्रताको लडाइँ लड्नुपर्छ । राष्ट्रलाई प्रधान महत्त्व दिँदै प्रजातन्त्रका लागि छाती थापेर लड्नु पर्छ ।

तिमीलाई काट्न खोज्लान ?

डलरसित साट्न खोज्लान्

विषालु जिब्राहरूले चाट्न खोज्लान् !

नशालु आँखाहरूले डाक्न खोज्लान् !

समयको प्रवाहबाट ओझेल पार्न खोज्लान् ! (थापा, २०५६:३३)

प्रजातन्त्रको लडाइँमा यिनै प्रजातन्त्रका विरोधीहरू छेपारो झैं रूप फेरेर पस्न सक्छन् भन्दै होसियार हुन समेत कविताले आग्रह गरेको छ । कसैका पाइला काम्नु हुँदैन, कसैका आवाज झुक्नु हुँदैन । प्रजातन्त्र होमिए पछि साहस र वीरता देखाउनु पर्छ ।

**(ज) महाकाली र सन्धी**

महाकाली र सन्धी राष्ट्रिय स्वतन्त्रता सम्बद्ध कविता हो । महाकाली सन्धि हतारमा गरिएको छ । महाकालीलाई छुट्टै ठानेर दुवै देश गिद्धे नजरले झम्टिए जस्तो छ । वास्तवमा महाकाली नेपालको नै थियो र हो पनि यसलाई कसैले प्लेटमा राखेको कुखुराको मासु झैं नसोचोस् । यस समस्यालाई तत्काल सुल्झाउनु पर्छ । कविता लेखिएको छ :

ढिलो भए सेलाउने डर

भोलि भए गन्हाउने डर

डरै डरमा तात्तातो पिडालु

क्वाप्प मुखमा हाले जस्तो ! (थापा, २०५६:३४)

अन्यायलाई र सीमा मिच्ने प्रवृत्तिलाई सहनु हुँदैन । सहेमा भोलि भारतले महाकाली आफ्नै भएको दाबी गर्न सक्छ भन्ने भाव प्रस्तुत गरिएको छ ।

**(झ) भावना यो बगेपछि**

'भावना यो बगेपछि' सामाजिक स्वतन्त्रतासँग सम्बद्ध कविता हो । जब आन्दोलनको आँधी बेहरी आउँछ तब निरङ्कुता दल्नु पर्छ । मनबा नै सबैमा चेतनाको दीप सल्केर गरेको स्वतन्त्रता सङ्ग्राम असफल हुँदैन  कवितामा कवि लेख्छिन् :

काल-व्याधा उता सर

सीमा लाउने को हँ पर ?

भन्दै उसले गर्जे पछि

ज्वालामुखी सुक्नुपर्छ

बाघले पनि लुक्नुपर्छ

भावना यो बगेपछि । (थापा, २०५६:३४)

वास्तविक चेतना युक्त स्वतन्त्रताको लडाइँलाई जस्तो सुकै साङ्लाले पनि बाँध्न सक्दैन, कालले रोक्न सक्दैन भन्ने भाव प्रस्तुत गरिएको छ ।

**(ञ) नपुरिएको खाडल**

'नपुरिएको खाडल' झापाका एक सशक्त स्वतन्त्रताका सेनानी द्रोण आचार्यको सम्झनामा लेखिएको कविता हो । झापाली प्रजातान्त्रिक (बहुदलीय) आन्दोलनको प्रखर हस्ति द्रोणको निधन भएको छ । उनले गरेको नेतृत्व र सफल भएका विभिन्न आन्दोलनको फल स्वरूप झापाले मात्र होइन सिङ्गो देशले नै स्वतन्त्रता पाएको छ उनी कवितामा भन्छिन् :

द्रोणले बनाएको बाटोमा

हुरी, बतास, भुकम्प र ज्वालामुखी

मूीर्त बेचे, माटो बेचे, देश बेच्न खोज्लान्

सत्य छोप्ने भ्रम पाली क्रान्ति रोक्न खोज्लान्

कम छैनौं चेतनाको वीर हामी बन्छौं

विष पिउँछौं, काल टार्छौं क्रान्ति भन्छौं । (थापा, २०५६:५१)

यद्यपि उनको निधनले स्वतन्त्रता र सफलताको क्रान्तिकारी फड्को मार्न सक्ने र देशलाई अग्रगामी परिवर्तन पुऱ्याउन सक्ने नेतृत्वको अभाव भएको छ । उनको निधनले यति ठूलो खाल्टो परेको छ जसको पूर्तिका लागि आजसम्म कोही नेतृत्व कर्ता खडा हुन सकेको छैनन् ।

**(ट)आज मेरो हो**

'आज मेरो हो' मानवीय स्वतन्त्रता सम्बद्ध कविता हो । मान्छे क्षणिक समय बाँच्दछ, छोटो समयमै मान्छेले धेरै अनुभव सङ्गाल्नु पर्छ यही जीवनमा मानिस स्वतन्त्र बनेर यहाँको धनीका अनुभूति सङ्गाल्नु पर्छ । धर्तीका लम्बाइ चौडा उचाइ गहिराइ सीमा जाँच्नु पर्छ । अर्थात् धर्तीका समग्रतालाई बुझ्नुपर्छ । कवि लेख्छिन् :

वेगमा सुस्तपन आउन सक्ला

क्षणिक हुनेछ त्यो

आज वेग मारेर उड्ने छु म

आज मेरो हो ?

केवल मेरो हो ! (थापा, १५६:८८)

यही आजमा नै रमाएर स्वतन्त्र नै विचरण गर्नुपर्छ । आफ्नो वेग र स्वतन्त्रताको आफैँ उपयोग र उपभोग गर्नुपर्छ ।

**(ठ) टुक्राटुक्री**

'टुक्राटुक्री' मानवीय स्वतन्त्रता र चाहना सम्बद्ध कविता हो । गजलको ढाँचामा लेखिएको यस कवितामा मान्छेका इच्छा चाहको पक्षमा आशावादी स्वर राखिएको छ । कसैको आशामा तुषारो पर्नु भन्दा अगाडि नै विषयको ज्ञान हुनुपर्छ । जीवन गलत मार्गमा अज्ञान अवस्थामै नलागोस् भन्ने चाह यहाँ प्रकट गरिएको छ । जीवन भनेको ज्योति हो । यो ज्योति कसैले निभाउन नसकोस् । जीवन ज्योतिको महसुस नगर्दै कसैले ज्योति ननिभाओस् । स्वतन्त्रता नै जीवनको मार्गदर्शन हो । यहाँ लेखिएको छ :

जीवन ज्योति निभी नजाओस्

उज्यालो महसुस गर्न नभ्याउँदै । (थापा, २०५६:९४)

यसलाई कसैले कुदृष्टि राख्न नपाओस् । जीवनका आशारूपी कोमलतामा गोमन रूपी क्रूरताले डस्न नपाओस् । यसरी कवितामा विभिन्न इच्छार्थहरू प्रस्तुत गरिएको छ ।

**(ड) एक्लै बाँच्नु पर्छ**

'एक्लै बाँच्नुपर्छ' कवितामा मानव स्वतन्त्रताका स्वर आएका छन् । मान्छे विभिन्न बन्धनमा बाँचिएको हुन्छ । उसले जीवनमा विभिन्न सङ्घर्ष गर्नबाट पछि पर्नु हुँदैन । अनेकौं स्वार्थले जेलिएको सञ्जाललाई मान्छेले चिरेर स्वतन्त्र बन्नुपर्छ ।

उन्मुक्त भएर उड्दै

बाटोहरूसँग नाता जोड्दै जाँदा

जीवन पाए झैं लागेछ । (थापा, २०५६:९५)

अरुको आदेश र निर्देशमा बाँचियो भने आफ्नो जीवन नै लुट्ने छन् । मानिस भएपछि ती भ्रमहरूलाई चिरेर आफैँमा आनन्द मान्नुपर्छ । जीवन विजय गर्नेहरूका लागि हो ।

**(ढ) जीवन सजिलो छैन रे !**

'जीवन सजिलो छैन रे !' कविता जीवनकै स्वतन्त्रतासँग गाँसिएको छ । जीवन मूलतः प्रकृतिको अनुकूल हुनुपर्छ । प्रकृतिको विरोधले जीवनलाई नाश गर्छ । जीवन अत्यन्त सङ्घर्षमा मात्र फल्न या त सफल बन्न सक्छ । जीवन सङ्घर्षमा मात्र सफल बन्न सक्छ । नारी र पुरूषको संयुक्त रूप नै जीवनको अर्को पक्ष हो । यो दुवैको सहयोग, सहकार्य, सहवेदना, साहाचर्य नै वास्तविक जीवन हो । कवितामा कविले लेखेकी छन् ।

प्रिय ! प्रकृतिकै नियम होला सायद

जीवन डोहोऱ्याउन

तिमीलाई म र मलाई तिमी

चाहिन्छ रे ! (थापा, २०५६:९६)

यसरी विवेच्य सङ्ग्रहमा मानवीय स्वतन्त्रता सम्बद्ध कविताको उपस्थिति ज्यादै देखिन्छ । जीवन समाज, मूल्य मान्यता, राष्ट्र, मानिस, प्रकृति, शासक आदि अनेकौं

कुराहरूबाट मानिसको जीवन स्वतन्त्र बन्न सकेको हुँदैन । जीवनमा सङ्घर्षकै माध्यबाट स्व्तन्त्रताको प्राप्ति हुन्छ । केही सम्बन्धपूर्ण स्व्तन्त्र नहुने हुँदा तिनीहरूमा सहमति गर्नुपर्ने हुन्छ । यसरी समग्र मानवीय जीवन सङ्घर्षको पर्याय हो भने स्वतन्त्रताको लडाइँ उसको दायित्व विवेच्य सङ्ग्रहमा यस्ता भाव बोकेको कविता अत्यन्तै सशक्त र प्रभावकारी ढङ्गले प्रस्तुत भएका छन् ।

### ३.१.५ प्रेम-प्रणयलाई कथ्य बनाइएका कविताहरू

'सुनामी' कविता सङ्ग्रहमा प्रेम प्रणयलाई कथ्य बनाएका कविताहरू सामान्य मात्रामा रहेका छन् । जीवनको महत्त्वपूर्ण पाटोका रूपमा रहेको माया-प्रेमलाई राष्ट्रिय सामाजिक, सांस्कृतिक पक्षबाट प्रस्तुत गरिएको छन् । यसका अलावा नारी-पुरूषको नैसर्गिक प्रेमलाई पनि यहाँ स्थान दिइएको पाइन्छ । यस्तो भाव समेटिएका कविताहरूमा आस्था ज्युँदो रही दिए पुग्छ, खुसी, छायाँ र म, शुभकामना-१, शुभकामना-२, ढुङ्गा प्रमुख रहेका छन् । यस्ता प्रमुख केही कविताको कथ्य पक्षलाई निम्नानुसार सोदाहरण प्रस्तुत गरिएको छ :

### (क) आस्था ज्युँदो रहि दिए पुग्छ

'आस्था ज्युँको रहि दिए पुग्छ' प्रेम-प्रणयमा आधारित कविता हो । माया प्रेम भन्नु आस्था र विश्वास पनि हो । विशवासका साथ गरिएको माया नै वास्तविक माया हो । मायामा अनेकौं छलकपट स्वाङ र ढोङ हुन्छन् । वास्तवमा ती वास्तविक माया होइनन् । यहाँले खिएको छ :

धेरै काँधहरू चाहिँदैन सुस्ताउन

वात्सल्यमय एउटै न्यानो काख भए पुग्छ

मलाई त मेरो आस्था र विश्वास

सधैँ-सधैँ ज्युँदो रहि दिए पुग्छ । (थापा, २०५६:२३)

वास्तविक माया प्राप्त गर्न निश्चल, निश्छल र निर्मल हृदय पाइन्छ । मायामा अनेकौं सुम्सुम्याइ भन्दा दृढ विश्वास र अटल आस्था चाहिन्छ । आस्था र विश्वासको ज्युँदो रहेसम्म माया अटल र सजीव रहन्छ ।

**(ख) छायाँ र म**

'छायाँ र म' प्रेम-प्रणयमा आधारित कविता हो । मानिसमा कोही व्यक्ति छायाँ झैं दक्षवहार मन-मस्तिष्कमा रही रहन्छ । याद भित्र पनि रही रहन्छ । यही छायाँ बनेर यादमा आउने व्यक्ति नै जीवनको वास्तविक साथी हो उनी कवितामा भन्छिन् :

जहाँ जहाँ जान्थे

मसँग हुन्थ्यो ऊ

निन्द्रा र सपनामा पनि

मैले उसलाई माया गरे

कहिले ख्याएँ कहिले हसाएँ । (थापा, २०५६:८४)

जीवन भन्नु नै मायाको एक पाटो हो । यही माया र प्रेमकै जोड-घटाउमा जीवन बित्ने गर्छ । वास्तवमा जीवनमा मानिस माया मात्र हो र मायाकै लागि बाँचेको हुन्छ ।

**(ग) शुभकामना-१**

'शुभकामना १' प्रणय सम्बन्धी कविता हो । हाम्रो समाजमा विभिन्न चाडपर्व तिनका विशेषता नयाँ वर्षमा इष्टमित्रसँग शुभकामना आदान-प्रदान गर्ने चलन छ । आफ्नो हितैसीलाई उसको समग्र जीवन सुखद रहने कामना गरिन्छ । कवितामा कवित भवानी थापाले यस्तै भाव समेटेकी छन् । यहाँ लेखिएको छ :

ओइलाएका भावना सबै

मौलाएर जाओस्

सुस्ताएको मनले पुनः

नयाँ जीवन पाओस् । (थापा, २०५६:९७)

आफ्नो प्रेमी साथीलाई अत्यन्त हार्दिकताको साथै कवितामा शुभकामना सन्देश समावेश गरिएको छ ।

**(घ) शुभकामना २**

'शुभकामना २' प्रेम-प्रणय सम्बद्ध कविता हो । आफूले माया गरेको व्यक्तिलाई अत्यन्त हार्दिकताका साथ शुभकामना सन्देश कवितामा व्यक्त भएको छ । जसरी शिशिरको कठोरता र क्रुरता धिचोल्दै वसन्त आउँछ । जसरी अन्धकारपछि सूर्य किरण आउँछन् । त्यसरी नै हाम्रो र तिम्रो जीवनमा दुःख र कष्ट नाश हुँदै सुख र खुसीको अवस्था प्राप्त होस् भने चाहना कवितामा यसरी प्रकट भएका छन् :

जब सन्ध्याको प्रभाव बोलाउँछिन्

खुसी फक्रिएर सामुन्ने आउँला

त्यही क्षणले स्थायित्व पाओस् । (थापा, २०५६:९७)

यसरी अन्धकारपछि सूर्य किरण आउँछन् । त्यसरी नै हाम्रो र तिम्रो जीवनमा दुःख र कष्ट नाश हुँदै सुख र खुसीको अवस्था प्राप्त होस् भन्ने भाव प्रस्तुत गरिएको छ ।

**(ङ) ढुङ्गा**

'ढुङ्गा' प्रेम-प्रणय सम्बद्ध कविता हो । खासगरी एकोहोरो प्रेमलाई यस कवितामा प्रस्तुत गरिएको छ । कसैलाई एकोहोरो प्रेम गरिन्छ भने र उसकोप्रतिक्रिया आउँदैन भने त्यो घातक हुन सक्छ । त्यसलाई आफूले जति सजाए पनि त्यसको विपरीतप्रतिक्रिया आउन सक्छ । त्यसैले कठोरलाई पगाल्न गाह्रो छ । माया प्रेमका लागि कोमल मन मुटु चाहिन्छ । कठोर कठोर नै हुन्छ । जहाँ राखे पनि जति सजाए पनि । ढुङ्गाको मुटु पगाल्न खोज्नु आफैँलाई बलिदान दिनु मात्र हो उनी कवितामा भन्छिन् :

ढुङ्गा ! ढुङ्गा हो

ऊ सँगै आँसु हुँदैन

भावुक बन्न भावना हुँदैन

ठोक्किएर ऐया भन्दैन

केवल चोइटिन्छ

पग्लिदैन । (थापा, २०५६:९९)

यसरी विवेच्य सङ्ग्रहमा प्रेम प्रणय सम्बन्धी केही कविता समाविष्ट छन् । कविता सङ्ग्रहको शीर्षक नै माया प्रेमसँग त्यति मेल नखाने भएकाले पनि होला सङ्ग्रहमा यस्ता कवितालाई खासै स्थान नदिएको पाइन्छ ? यस्ता कविताले सङ्ग्रहमा खासै प्रभाव समेत देखाएको पाइदैन । समग्रमा 'सुनामी' कविता सङ्ग्रहमा प्रेम-प्रणय नै कथ्य रहेका कविताको उपस्थिति ठीकै देखिन्छ ।

### ३.१.६ मानवीय जीवनका विभिन्न पक्ष र भाव सम्बद्ध कविताहरू

'सुनामी' कविता सङ्ग्रहमा मानवीय जीवनका हाँसो, रोदन, खुसी, आँसु, हार्दिकता, मित्रता, स्मृति, आश्चर्य, घृणा, सम्मान, उत्साह, सङ्घर्ष बलिदान आदि अनेकौं भाव सम्बद्ध कविताहरू रहेका छन् । यस्ता विभिन्न भावहरू रहेका कवितालाई यसै मूल शीर्षकमा रही विश्लेषण गरिएको छ । यस्ता कविताहरू सङ्ग्रहमा उल्लेख्य र महत्त्वपूर्ण रूपले सङ्ग्रहमा गुणस्तरीयताका साथ प्रस्तु भएका छन् । यस्ता केही महत्त्वपूर्ण कविता निम्नानुसार विश्लेषण गरिएको छ :

#### ३.१.६.१ विद्रोहको भाव व्यक्त भएका कविता

विवेच्य कविता सङ्ग्रहमा क्रान्ति र विद्रोहलाई मुख्य भाव बनाइएका कविताहरू देख्न सकिन्छन् । प्रायसः कविताको अन्त्यरिका हरफहरूमा विद्रोहको सन्देश देखिन्छ । यस बाहेक विद्रोहकै स्वर मात्र रहेको कविताहरू केही मात्रामा रहेका छन् । परम्परागत जीवन र

शासनप्रति असहमति राख्दै सामाजिक परिवर्तनका लागि क्रान्तिलाई यस्ता कवितामा आह्वान गरिएको पाइन्छ । यस्ता केही कविता निम्नानुसारका छन् :

**(क) विद्रोह बोल्नुपर्छ !**

'विद्रोह बोल्नुपर्छ' तीव्र विद्रोहको स्वर बोकेको कविता हो । यस कवितामा छिमेकी राष्ट्रको नेपालको सीमाना मिचेकोमा विद्रोह गर्नु पर्ने आह्वान गरेको छ । यसरी सीमा मिच्दा सहने हो भने दिन दिनै हाम्रो देशको अस्तित्त्व सङ्कटमा पर्छ उनी कवितामा भन्छिन् :

आफू भित्रै बाढी र भेल आँधी र तूफान लुकाएर

किन मौन छौं हँ ?

अब तिमीहरू आफैंले क्रान्ति बोल्नुपर्छ !

मसाल खोज्नुपर्छ, विद्रोह बोल्नुपर्छ । (थापा, २०५६:३०)

यस्ता मिचाहाकोप्रतिकार रप्रतिक्रिया जनाउनुपर्छ नत्र हामीलाई सधैं हेप्ने छन् र मनपरी गर्ने छन् । हामीलाई निरीह र कमजोर ठान्ने यिनी हरूका अगाडि चुप लाग्नु आत्मसमर्पण गर्नु हो ।

**(ख) आगाको व्यापार**

'आगाको व्यापार' कवितामा विद्रोहको भाव व्यक्त भएको छ । हामी निर्बल र हीनतामा रूमल्लिएकाले हामीलाई सबैले हेप्न थालेका छन् । हामी कृषक, भरिया, श्रमिक भएर जीवन बिताउन बानी परि सक्यौं । जीवन परिवर्तनशील पो हुन्छन् । हाम्रा हात र पिठ्यूँहरूमा फोका उठ्ने र फट्ने क्रम आज पनि हराएको छैन  यहाँ लेखिएको छ :

आफैं पनि क्षत-विक्षत हुने गरी

एउटा विष्फोट निम्त्याउन रहर लागेको छ

वारूदको गन्धरहितको

कोइला आयात गरेर

आगाको व्यापार गर्न मन लागेको छ । (थापा, २०५६:४९)

कवितामा अब सबै विद्रोहमा होमिन आह्वान गरिएको छ । अब शोषण, दमन नसहन सबैलाई सचेत तुल्याएको छ । यस्तो विद्रोहको चाहना गरिएको छ जसमा हिंसा र दुर्गन्ध मिसिएको हुने छैन ।

**(ग) कलियुगका अर्जुन र युधिष्ठिरहरू**

'कलियुका अर्जुन र युधिष्ठिरहरू' विद्रोहको स्वर बोकेको कविता हो । सत्य युगमा अर्जुन युधिष्ठिर, भीम जस्ता पात्रहरू दुर्योधन जस्ता कुप्रवृत्ति र राक्षसी कौरवको विरुद्धमा लड्दथे । यी पाण्डवहरू अलि कता पनि अन्याय र अत्याचारहरू सहँदैनथे । यिनीहरू माया-प्रेम, नातेदार, स्वार्थ जस्ता विषयमा कत्ति पनि अल्मलिँदैथे । तर आजका पाण्डव वा युधिष्ठिरहरू शक्तिका लागि जस्तो सुकै कुकर्म गर्न पछि पर्दैनन् । आजका युधिष्ठिर जस्ता देखिने मान्छे भित्रभित्रै पतित र दुर्गन्धित व्यभिचारी बनेका छन् उनी कवितामा भन्छिन् :

कलियुगका युधिष्ठिरहरूको

नकावभित्रको अनुहार

गोप्य र उदृश्य रहेन अब

च्यातिदेऊ झिल्लिादार त्यो नकाब पनि

अनुशासनका अन्धभक्त बनेर

अत्याचारलाई आफ्नो काँध टेक्न नदेऊ । (थापा, २०५६:७१)

अब यसै चुप लाग्नु हाम्रो मूर्खता हुनेछ । आफैं विद्रोह गर्न उठौं भन्ने कविताको सन्देश छ । सबै उठेर यस्ता देखावटी वा आडम्बरी युधिठिर बन्नेहरको पर्दाफास गर्न कवितामा आह्वान गरिएको छ ।

**(घ) अवतारहरू**

अवतारहरू विद्रोहको भाव व्यक्त भएको कविता हो । मान्छे आफ्ना मानवताहीन भएको छ । मान्छेमा संवेदना नासिए र गएको छ । मान्छे घमण्डी, स्वार्थी, आडम्बरी भएको आजको मान्छे जति सुकै रोए पनि सुन्दैन । जस्तो सुकै विभत्स गरिबी भए पनि रसाउँदैन । आजको मान्छे गरिब र असहायलाई आँखा चिम्लेर हिँडा्छ । आजको युगमा बाँच्ने हो भने अब सबैको मन ढुङ्गा र फलामको हुनुपर्छ । यस्ता ढुङ्गाको महन हुने सामन्त र शासकलाई झक्झक्याउन सबैले आफूलाई ढुङ्गा र फलम तुल्याउनु पर्छ । अब हामी सबै पनि यस्ता शोषकको अन्त्यका लागि ढुङ्गा र फलाम जस्तो बनेर उत्रनुपर्छ उनी कवितामा भन्छिन् :

वेदना, सम्वेदना र समवेदनाहरूसँग

कहिले साक्षात्कार हुँदैनन्

मन नभएका रोबर्टहरू सामु

अनुनय विनय र अनुरोधको

कुनै अर्थ रहँदैन । (थापा, २०५६:७३)

यसरी विवेच्य कविता सङ्ग्रहमा विद्रोहको स्वर जताततै छ्वाछुल्ल पोखिएको पाइन्छ । यस्ता कविताहरू अत्यन्तै सफल र प्रभावकारी रूपमा प्रस्तुत भएका छन् । **सुनामी** कविता सङ्ग्रह विद्रोह नाराको रूपमा आएको बुझिन्छ । यहाँका प्रायसः कविता विद्रोह क्रान्तिमा टुङ्गिएका छन् ।

### ३.१.६.२ श्रद्धाभाव व्यक्त भएका कविताहरू

**सुनामी** कविता सङ्ग्रहमा कवि भवानी थापाद्वारा विभिन्न व्यक्तिप्रति अत्यन्तै श्रद्धा र सम्मान व्यक्त गरिएको छ । यस्तो श्रद्धा भावलाई व्यक्त गर्ने केही कविताको विश्लेषण निम्नानुसार गरिएको छ :

**(क) आस्था जलिरहेछ द्रोण**

'आस्था जलिरहेछ द्रोण !' कवितामा श्रद्धाभाव व्यक्त भएको पाइन्छ । पूर्वेली कम्युनिष्ट आन्दोलनले अन्ततः राज्य भरि नै आफ्नो स्थान पक्का गर्यौं । नेपाकाल कम्युनिष्ट आन्दोलन र विचारको श्री वृद्धिमा लागेका एक  पूर्वेली कर्मठ नेता हुन द्रोणाचार्य । द्रोणाचार्यले कम्युनिष्ट विचारलाई हुर्काउने र फैलाउने महत्त्वपूर्ण कार्य गरे । तर आज उनको मृत्युपछि यो विचारधारा स्खलन र पतनको बाटोमा देखिन्छ । द्रोणाचार्यको अभावमा आज यो विचारधारामा विचलन आएको छ उनी कवितामा भन्छिन् :

आमाहरू हो !

छिट-छिटो गर्भधारण गरेर

द्रोणाचार्यहरू जन्माऊ, हुर्काऊ

नत्र भने

हाम्रो भूगोल

हाम्रो आस्था

दिनप्रतिदिन स्खलित भइरहने छ ।

जलिरहने छ ! मरिरहने छ ! निभिरहने छ ! (थापा, २०५६:१५)

कवि नेपाली आमाहरूलाई अब यो विचारलाई शुद्धताका साथ अगाडि बढाउने हो भने छिटो छिटो द्रोणाचार्य जन्माउन आह्वान गर्छिन् । यसरी कवितामा द्रोणाचार्यप्रति श्रद्धा र सम्मानभाव भएको छ ।

**(ख) पासाङ्ग र पारिजातलाई**

पासाङ र पारिजातलाई कवितामा श्रद्धाभाव व्यक्त गरिएको छ । नेपाली महिलाको साहस र क्षमतालाई विश्वसामु चिनाउने सशक्त नारी पासाङ्ग ल्हामु शेर्पालाई हामी सधैँ सम्झनुपर्छ । पारिजात जसले आफू अशक्त भएर पनि यो दुनियाँलाई क्रान्ति र विद्रोहको स्वर मात्र दिइनन् । विश्व हल्लाउन सक्ने सशक्त सिर्जना दिएर नारी मुक्तिको स्वर धन्कारहिन्, क्रान्तिको विगुल फुकिरहिन् । यसरी यस कवितामा महिला सशक्त हस्तीहरू पासाङ्ग र पारिजातप्रति श्रद्धाभाव प्रकट गरिएको छ उनी कवितामा भन्छिन् :

सूर्यको पहिलो किरण बनेर

यो धर्तीलाई चुम्न प्रत्येक दिन

तिनीहरू यहाँ आइरहनु

प्रत्येक महिलाहरूको

मुक्ति प्रसङ्गमा

तिनीहरू सधैँ छाइरहनु । (थापा, २०५६:३५)

यसरी 'सुनामी' कविता सङ्ग्रहका केही कविता श्रद्धाभाव व्यक्त गर्न सफल छन् । यस्ता कविता थोरै मात्रामा भए पनि व्यक्ति स्मृति गरी भावुक र यथार्थ दुवै दृष्टिबाट श्रद्धाभाव गरिएको छ ।

### ३.१.६.३ मानवलाई कथ्य बनाइएका कविताहरू

**सुनामी** कविता सङ्गहका केही कवितामा मानवताको गीत गाइएको छ । खासगरी एक्काइसौं शताब्दीमा मानवताको शून्य स्थिति रहेको कवितामा देखाइएको छ । आजको मान्छेले स्वार्थ भन्दा पर केही पनि देख्दैन । गरिब, असहाय, निमूखा, दीनहीन मानिसको पीडा आज कसैले सुनेको छैन भन्दै दुःख प्रकट गरिएको छ । कवितामा कविले मानवताको चाह राख्दै यस्ता दीनहीनहरूको पीडा र वेदनालाई थाहा पाउनु पर्ने कुरा प्रस्तुत गरेकी छन् । वेदना, संवेदना, समवेदनाको खोज कविको कवितामा गरेकी छन् । यस्ता केही कविताहरू निम्नानुसार देखाइएको छ :

**(क) अवतारहरू**

'अवतारहरू' कवितामा मानवताको चाह प्रकट भएको छ । यस कवितामा आज एक आपसमा हराउँदै गएको मानवताको नातालाई जोड्नु पर्ने चाह प्रकट गरिएको छ । आज स्वार्थ भन्दा माथि उठेर मानवताको खोजी गर्नुपर्छ भन्दै हिजोको नेपालको इतहिास यही मानवताको जगमा खडा भएको तथ्य प्रस्तुत गरिएको छ । कवितामा कवि लेख्छिन् :

के बुझोस् विचरोले !

मानौं अवतारहरू

सधैं आकाशमा उडिरहन्छन्

धरतीका काल, अकाल र अनिकालसँग

वेदना, संवेदना र समवेदनाहरूसँग

कहिले साक्षात्कार हुँदैनन्

मन नभएका रोवोर्टहरू सामु । (थापा, २०५६:७२)

आज एक अर्कालाई नबुझ्ने हो भने हिजोको इतिहासलाई लत्याएको र धज्जी उडाएको ठहर्छ भन्ने तर्क कविको यस कवितामा प्रस्तुत भएको छ ।

**(ख) म कविता लेख्छु**

'म कविता लेख्छु' कविता मानवता सम्बद्ध रहेको छ । आज मान्छे परपीडन र स्वार्थी बनेको छ । निराशार युद्धले मानसिकता क्षत-विक्षत बनेको छ । मानिसमा दैत्य प्रवृत्ति छाएको छ । आज अन्धविश्वास कुरीति र कुसंस्कारले मानिसलाई दण्ड दिइरहेको छ । भ्रष्ट्राचारले देश लुटिएको छ । मान्छेले मान्छेलाई हेर्ने दृष्टि नै नकारात्मक बनेको छ । कवि यिनी नकारात्मकतालाई चिर्दै कविता लेख्ने बाचा गर्छिन् । कविले भनेकी छन् :

म डरले कविता लेख्छु

जब आफैँसँग भिष्ण युद्ध भोग्छु

विवशतावश म कविता लेख्छु

जब मान्छेभित्र मानवता मरेको देख्छु । (थापा, २०५६:७४)

यसरी विवेच्य सङ्ग्रहका कतिपय कवितामा मानवताको स्वर पाइन्छ । केही कवितामा आंशिक रूपले मानवताको स्वर मुखरित भएको स्थिति पाइन्छ । मानवताका कविताहरू सङ्ग्रहमा प्रभावकारी रूपले प्रस्तुत गरिएका छन् ।

### ३.१.६.४ विवशता वा बाध्यता नै कथ्य भएका कविताहरू

'सुनामी' कविता सङ्ग्रहका केही कवितामा मान्छे विवशता र बाध्यतालाई देखाइएको छ । यहाँ अगाडि बढ्नबाट रोक्ने वा रोकिनु पर्ने मान्छेका विभिन्न विवशता वा बाध्यताहरू रहेका छन् । सामाजिक प्राकृतिक रूपमै पनि नारीहरूमा केही अप्ठेरा र बाध्यता छन् भने कतिपय कुरीति कुसंस्कार पनि यसमा बाध्क रहेको छ । विवेच्य सङ्ग्रहमा केही यस्ता किसिमका कविता रहेका छन् । विवशता वा बाध्यता सम्बद्ध केही कविताको कथ्यलाई निम्नानुसार सोदाहरण प्रस्तुत गरिएको छ :

### (क) मेरो साथी हराएको छ

'मेरो साथी हराएको छ' एक विवशता वा बाध्यताको वकालत गर्ने कविता हो । प्रजातन्त्रको उदयपछि जनतामा हाँसो आउँला भन्ने सबैले सोचेका थिए । त्यस्तै बहुदलीयतापछि पनि यही चाह राखियो । नेपालीहरूको विवशता आखिर नेपाली नेतृत्व कहिल्यै सुध्रिएन । प्रजातन्त्रका नाममा सान भ्रष्टहरूको शासन हुन थालेको छ कवितामा कवि लेख्छिन् :

उसले चाहे जस्तै वातावरण बोकेर

नेपालमा प्रजातन्त्र आएको छ

तर के गर्नु ? ऊ नै हराएको छ ! (थापा, २०५६:५४)

यहाँ नेताहरू करौडौंको मालिक बनेका छन् र जनताहरू आज पनि भोक भोकै बस्नु पर्ने विवशतामा जकडिएका छन् ।

### (ख) बुझ्यौ ! यो विवशता हो

'बुझ्यौ यो विवशता हो' बाध्यता वा विवशता सम्बद्ध कविता हो । नेपाल आमालाई सिङ्गार्ने निहुँमा अनेकौं आन्दोलन भए । सबै आन्दोलनमा लागेमा नयाँ नेपाल निर्माण हुन्छ भन्दै आन्दोलनको बाढी उराल्यो । आन्दोलन सफल पनि भयो । हिजोसम्म देशको काँचुली फेर्न भनी लागेका अगुवाहरूले नै आज नेपाल आमालाई नङ्ग्याउँदैछन् । हिजोसम्म देशको प्रगति र उन्नतिमा लाग्ने भन्नेले नै आज देशको टुक्रा टुक्रा बेच्दैछन् । आज नेपाल आमा खण्ड खण्डमा विभाजित गर्न खोज्दैछन् र सस्तोमा बेच्न खोज्दैछन् । भोलि नेपाल आमालाई बेचेर चाड मनाउने कुपुत्रहरू विरुद्ध गुहार ! गुहार ! भन्न सक्ने अवस्था पनि छैन । वास्तवमा आमा हुनुको विवशता नै यही रहेछ उनी कवितामा भन्छिन् :

गुहार ! गुहार ! भन्न पनि त सक्दिन म

केही वर्ष भित्रै

काटी-कुटी, भुटी खानेछन् मलाई

भन्दै चिच्याउन पनि त सक्दिन म !

यो एउटी आमाको विवशता हो

बुझ्यौं । यो विवशता हो ! (थापा, २०५६:६८)

यसरी विवेच्य कविता सङ्ग्रहमा मानवीय विवशताका पक्षमा समेत आफ्नो धारणा कविताका माध्यमबाट प्रस्तुत गरिएको छ । यस्ता कविताहरू सङ्ग्रहमा धेरै मात्रामा रहे पनि महत्त्वपूर्ण देखिन्छन् ।

### ३.१.६.५ मुख्य रूपले प्रकृतिको चित्रण गरिएका कविता

'सुनामी' कविता सङ्ग्रहमा केही कवितामा प्रकृतिको चित्रण पाइन्छ । प्रायसः विचार प्रधान रहेको यस सङ्ग्रहका केही प्रकृति प्रधान रहेका कविता पाउन सकिन्छ । यस्ता केही प्रमुख कविताको कथ्य पक्षलाई निम्नानुसार विश्लेषण गरिएको छ :

#### (क) जङ्गल के भन्छ ?

'जङ्गल के भन्छ ?' कवितामा जङ्गलले बनेका कुराहरूलाई कविले काल्पनिक रूपमा प्रस्तुत गरेकी छन् । यस कवितामा कविले मान्छेलाई जङ्गलको आवश्यकता रहने कुरालाई देखाउँदै वन विनाश रोकौं भन्ने सन्देश दिएकी छन् । कविता विचारमा जङ्गालाले हामीलाई शीतलता, छहारी दिन्छ । यसले जन्तु जनावरका लागि घाँस, मानिसका लागि दाउरा, प्रकृतिलाई स्वच्छ राख्ने काम गरेको हुन्छ । मानिसको जीवनका लागि चाहिने स्वच्छ हावा, पानी, स्वच्छ प्रकृति सबै वनजङ्गलकै कारण प्राप्त हुन्छ । यहाँ भनिएको छ :

मलाई मासे यमदूतले लिन पठाउँछ

प्रदूषणले मान्छेको आयु घटाउँछ

शुद्ध चाहिन्छ हावा र पानी

होस गर नत्र जाला जिन्दगानी । (थापा, २०५६:७६)

अतः कविले वन जङ्गालको संरक्षणमा सबै लाग्नु पर्ने भन्दै यसको नाश भएमा मानिसको जीवन नै नाश हुने चेतावनी दिएकी छन् ।

**(ख) कथा रातको**

'कथा रातको' प्रकृति सम्बद्ध ज्यादै छोटो गीति कविता हो । रातले आँसु बनाएर शीत झार्छ । त्यसलाई घामले चोरेर लान्छ । यसरी रिसाएको रातलाई चन्द्रमाले फकाउँछ । रातको ध्याम्पा चन्द्रमाले फुटाएपछि तारहरू त्यहाँबाट पोखिन्छन् । यसरी सिङ्गो प्रवृत्ति नै खुसियालीमा रमाउँदै देदीप्य नै जगमगाइ रहन्छ । कवितामा कवि लेख्छिन् :

ध्याम्पोजस्ता कालो रात फुलेर बसेछ

चन्द्रमा आई एक ढुङ्गा हामी फुटाइ दिएछ

छरिए तारा आकाशै भरी रमाई-रमाई

बनेर नेता जून पनि बस्यो आसन जमाई । (थापा, २०५६:८३)

यसरी सिङ्गो प्रवृत्ति नै खुसियालीमा रमाउँदै देदीप्य नै जगमगाइ रहन्छ ।

**(ग) बालक कालको याद आउँछ**

'बालक कालको याद आउँछ' प्रकृति सम्बद्ध कविता हो । मानिसलाई बालककाल सबैभन्दा प्यारो हुन्छ । बाल अवस्था भय र त्रासमुक्त रोमाञ्चित अवस्थाको प्रकृतिको बीचमा रमाउँदै लालीगुराँस र सल्लाघारीको याद गर्दै आफ्नो बालक कालप्रति कवि कवितामा भावुक बनेकी छन् । भोजपुर जिल्लाको सौन्दर्यमय प्रकृति, नदीनाला, वनजङ्गल, ढुङ्गा माटो, धारा र मन्दिरहरू, बादल, आकाश आदि कवितका स्मृति विम्बमा सजीव झैं रेहका छन् । गाउँले जीवन र बालक जीवनमा पाएको आमा, बुबा, हजुरआमा र अन्यबाट पाएको चोखो र निश्चल मायालाई कविले कवितामा हृदयस्पर्शी ढङ्गले प्रस्तुत गरेकी छन् । कवि लेख्छिन् :

लालीगुराँस र सल्लाघारीको

सम्झनाले सताउँछ

जब मुस्कान बोकेर हाँगा-हाँगामा

रमाउँदै वनले पाउलो फेर्छ

लाज बोकेर पत्ता पत्तामा

कोपिलाहरू फक्रेको देख्छु । (थापा, २०५६:८९)

यसरी विवेच्य कविता सङ्ग्रहमा प्रकृतिको चित्रण केही कवितामै भए पनि राम्ररी गरिएको छ । प्रकृतिको रोमाञ्चक अवस्थालाई अत्यन्त प्रभावकारी ढङ्गले कविताका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## ३.२ निष्कर्ष

थापाका 'सुनामी' कविता सङ्ग्रहका कविताहरू अत्यन्त प्रभावकारी ढङ्गबाट आफ्ना कथ्य प्रस्तुत गर्न सफल देखिन्छन् । उपयुक्त भाव वा कथ्यका अतिरिक्त पनि सङ्ग्रहमा उत्साह, त्रास, करूणा, वात्सल्य, क्रान्ति नैराश्य आदि अनेकौं भाव पाउन सकिन्छ । भावगत विविधतालाई समेट्न सकेको कविता सङ्ग्रहले वैचारिक पक्षलाई अत्यन्त सफल रूपले कवितामा ठालेको देखिन्छ । कविता सङ्ग्रहका अधिकांश कविता क्रान्ति र विद्रोहको वैचारिक धरातलमा अडिएकाले नै सायद कवि भवानी थापाले यस सङ्ग्रहको शीर्षक पनि 'सुनामी' दिएकी छन् । शीर्षकबाटै पनि यस कविता सङ्ग्रह विद्रोह र क्रान्तिको स्वर हो भन्ने स्पष्ट बुझिन्छ । समग्रमा कथ्य वा भाव विधानका दृष्टिले 'सुनामी' कविता सङ्ग्रह अत्यन्तै सशक्त र प्रनावोत्तेजक देखिन्छ ।

परिच्छेद : चार

# सुनामी कविता सङ्ग्रहको लय विधान

## ४.१ विषय परिचय

साहित्यका अन्य विधा भन्दा कविता पृथक रहनुको कारण नै लयात्मकता हो । कविता आन्तरिक एवम् बाह्य लयमा अडेको हुन्छ अथवा कविताका सन्दर्भमा तान, अनुतान र विराम आदिद्वारा लिखितांशमा आरोह-अवरोह प्रदान गरी विशिष्ट साङ्गीतिक झङ्कार प्रदान गर्ने तत्त्व नै लय हो । लय सङ्गीत र काव्यको प्राणतत्त्व वा आन्तरिक भाववेग हो । लय खास गरी छन्दिक ढाँचामा निर्धारित हुन्छ । विशिष्ट भाषाबाट लयको उत्पादन हुने हुनाले कविताको लक्ष्मणरेखा नै यही हो । ज्ञान विज्ञानका प्रविधिको विकाससँगै नवीन सोच र विचारको प्रयोग गर्ने सिलसिलामा कवितामा पनि शास्त्रीय छन्द ढाँचाको प्रविधिमा भन्दा नवीन प्रयोगका साथ गद्यलय । मुक्तलयमा कविता सिर्जना हुन थाल्यो तथापि गद्य कविता भित्रै पनि अन्तसाङ्गीतिकता भने उति नै आवश्यक हुन पुग्यो चाहे शास्त्रीय छन्द ढाँचामा निर्मित लय होस् चाहे मुक्त ढाँचामा निर्मित अन्तर्साङ्गीतिकता होस, कवितामा लयको अनिवार्यता एवम् अपरिहार्यता भने यथावतै रहेको छ ।

कवित भवानीले प्रस्तुत कविता सङ्ग्रह **सुनामी** भित्रका ७३ वटा कविता मध्ये एउटा कवितामा बद्धलय/शास्त्रीयलयको प्रयोग गरेका छैनन तर गीति लयको प्रयोग भने गरिएका छन् । यस्ता खाले प्रवृत्तिगत विशेषता भएका कवितालाई छुट्टाछुट्टै रूपमा विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

## ४.२ गद्य कवितामा प्रयुक्त लय विधान

प्रस्तुत **सुनामी** कविता सङ्ग्रहका ४१ वटा कविताहरू मुक्तलय वा गद्यलयमा संरचित छन् । गद्यलयमा संरचित कविताहरूमा मात्रागत वा अक्षरगत वा वर्णगत समानताको अपरिहार्यता पर्दैन । कवि भवानीले गद्यलयमा कविताको रचना गरेका भए पनि कतिपय कविताका पङ्क्तिहरूमा पद्यलयका विशेषताहरू प्रशस्त रूपमा पाइन्छन् । यस सङ्ग्रह भित्रका कतिपय गद्यकविताका पङ्क्तिहरूमा वर्ण एवम् यात्रागत समानता समेत

पाइन्छन् भने कतिपय पङ्क्तिहरूमा वर्णमात्रिक लयको प्रयोग सचेत पाइन्छ । त्यसैगरी पूरै पङ्क्तिहरूमा बीज वर्ण तथा यात्रा र अक्षरगत समानता नपाइने पङ्क्तीहरूमध्ये पनि केहीमा पदावली बीच भने त्यस्ताखाले समानता पाइन्छ । जसले गर्दा गद्यलयभित्रका कवितामा पनि पद्यलयको आस्वादन गर्न पाइन्छ । उनका कवितामा वर्ण तथा मात्रागत र अक्षरगत समानता भएका छ, जस्तै लाई प्रस्तुत गर्न सकिन्छ :

कहिले भीरमा फूल बनेर फुल्यो जिन्दगी

कहिले चट्टानसँग पनि मन गाँसेर भुल्यो जिन्दगी

मलाई था'छैन गध्य कहाँ हो अन्त्य कहाँ हो ?

कुन गोरेटोबाट सुरु भयो जिन्दगी ?

यहाँ वर्ण तथा मात्रागत समानता भएको र गीति लयले वर्णयात्रिक छन्दको आंशिक प्रयोग गरिएको छ । जसले गर्दा लयगत श्रुतिमधुरता थपेको छ ।

भवानीका कतिपय गद्यकवितामा प्रयोग गरिएका पङ्क्तिहरूमा वर्णगत वा अक्षरगत समानता पनि पाइन्छ, जस्तै :

रातको आँसु बनेर शीत पातमा अडेछ

सुटुक्क आई न्यानो घामले फर्केर गएछ । (थापा, २०५६:८३)

माथि प्रस्तुत गरिएको छ, जस्तै मा प्रत्येक पङ्क्तिमा र अक्षरको समान संरचनाको विन्यास गरिएको छ । त्यस्तै :

फल्नु र फुल्नु पर्छ भनेर

बसाएका छौं रीत आफैंले । (थापा, २०५६:६८)

उपर्युक्त पङ्क्तिहरू बीच अक्षरगत समानता एवम् आधानुप्रास एवम् अन्त्यानुप्रासको प्रयोगले गद्य कविताभित्र पूर्ण पद्यात्मक विशेषता फस्टाएको देख्न सकिन्छ । यस्ता अक्षरगत समानता भएका कविताका पङ्क्तिहरू यस सङ्ग्रहमा यत्रतत्र पाउन सकिन्छ ।

भवानीका कतिपय गद्य कवितामा पूरै पङ्क्ति बीच लयको समानता नभई पदावलीहरू बीच मात्र पनि यस्तो पर्णगत एवम् मात्रागत र अक्षरगत समानता देखा पर्छ । जसका कारणले गर्दा गद्य कवितामा पनि लयात्मकता पाउन सकिन्छ । उनका कवितामा लयात्मकताको प्रयोग त्यति प्रभावकारी रूपमा गरिएको भने पाइदैन । उनका कवितामा मन्द गद्य किसिमको मुक्त लयात्मक ढाँचाको प्रयोग गरिएको छ । यहाँ प्रयोग भएको केही मुक्त लयको प्रयोगलाई यसरी देखाउन सकिन्छ :

रोकिनु र बग्नुको सीमा हुन्छ

फुर्क्याउनु र फुर्किनुको पनि सीमा हुन्छ

बाठो र बठ्याइँको पनि सीमा हुन्छ

तर ! तर त्यसको सीमा छैन । (थापा, २०५६:१२)

उनका कवितामा असमान अयात्मक अक्षरको लय व्यवस्था रहेको हुनाले पूरै पङ्क्ति पङ्क्ति बीचमा लयगत समानता नपाइए पनि विभिन्न पृथक पृथक पदावलीका बीचमा लयगत समानताले गद्य कविता भए पनि सङ्गीतात्मक बन्न पुगको छ ।

प्रस्तुत कविता सङ्ग्रह भित्र भवानीले कवितालाई लयात्मक बनाउन विपरीत ढङ्गले पद वा पदावलीको प्रयोग गरेर पनि अनौठो प्रवृत्तिको लयको सिर्जना गरेका छन् । यस्ता केही पङ्क्तिलाई प्रस्तुत गर्नु उपयुक्त देखिन्छ । भवानीका कतिपय कविताहरूका पङ्क्तिहरूमा आदि आवृत्तिको प्रयोग गरेर पनि लयको सिर्जना पाइन्छ, जस्तै :

कहिले दुःखको तार लामो भएर

कहिले खुसीको भार धेरै भएर

कहिले जी दुखेको कहिले कारोवार सुकेको

कहिले टाउको दुखेको बहानामा पिउँ अ

कहिले जिम्मेवारीको डार कहिले साथीहरूको कर

कहिले धङधङे मेटाउन कहिले साहस देखाउन

कहिले जुवा हारेको कहिले जागिर सारेको (थापा, २०५६:३१)

त्यसैगरी कतिपय कविताहरूका पङ्क्तिहरूमा अक्षर समान नभए पनि शब्दमा बलाघात परेका कारणले पनि कम अक्षरको क्षतिपूीर्त भई पढ्दा लयमा समानता भएकै अनुभव हुन्छ । ती कवितामा पञ्चलयमा जस्तो धनिभूत प्भाव नभएर मन्द लयको प्रभाव रहेको छ ।

प्रस्तुत कविताका पङ्क्तिहरू मध्येको प्रायः जसो पहिलोमा दस अक्षरको व्यवस्था रहेको छ भने दोस्रोमा नौ अक्षरको प्रयोग छ तर यस्तो भए तापनि त्यसको असमान वितरण वाक्यमा रहेको र बलाघात पर्न गई बाँकी अक्षरको कमीलाई क्षतिपूर्ति गरेको छ । त्यस्तै उनका कवितामा असमापिका क्रियालाईमा बलाघात पर्न गई अक्षरगत कमीमा क्षतिपूर्ति भएको छ । यसले कवितामा अन्तर्लयलाई प्रवाहित गर्ने सन्दर्भमा महत्त्वपूर्ण भूमिका वहन गरेको छ । यस्तो विशेषता धेरै नेपाली कविका कविताहरूमा दुर्लभ देखिन्छ

उनका कवितामा पद्यात्मकताको छनक कही कम भए जस्तो लाग्ने कविताहरू पनि यस सङ्ग्रहभित्र प्रशस्त रूपमा पाउन सकिन्छ । सुनामीमा सङ्कलित यस्ता कविताहरूमा पनि यस किसिमको लयको प्रयोग गरिएको पाइन्छ । यस्तो हुँदाहुँदै पनि भवानकि गद्यकविताहरूमा पद्यलयात्मक विशेषता प्रचुर मात्रामा भेटिन्छ र यी कविताहरूलाई पढ्दा बद्धलयमा प्राप्त हुने जुन किसिमको आस्वादन हो त्यो प्राप्त गर्न सकिन्छ । एउटै कवितामा प्राप्त हुने लयगत विविधताका कारणले भवानीका कविताहरू आस्वाध प्रभावोत्पादक र गम्भीर बन्न पुगेका छन् । वास्तवमा कविहरूका लागि लयचेतना अत्यावश्यक चिज हो जसको आकर्षक प्रयोगबाट नै कविता लोकप्रिय बन्न सक्दछ भन्ने कुराको प्रमाण भवानीका कविताहरूबाट पुष्टि हुन्छ । कतिपय समालोचकको गद्यकवितामा अर्न्तलय मात्र हुन्छ

बाह्यलय हुन सक्दैन भन्ने भनाइलाई कवि भवानीको सुनामीको कविताहरूले गतिलो झापड दिएका छन् । साथै कविताको लयले भावलाई ओजस्वी बनाएको पाइन्छ ।

## ४.३ निष्कर्ष

प्रस्तुत कविता सङ्ग्रहका कवितामा विशेष गरेर गद्यलयको प्रयोग गरिएको छ । यहाँका सबैजसो कवितामा असमानुपातिक वितरण ढाँचाका पङ्क्ति विधान भएको लयको प्रयोग गरिएको छ । यहाँ कोमल ढाँचाका अन्त्यानुप्रास विहीन शब्दहरूको प्रयोग गरिएको छ । यसले गर्दा प्रस्तुत कवितामा त्यति धेरै शसक्त लयको प्रयोग भएको छैन । यहाँ सिकारु किसिमको मुक्त लयको बढी प्रयोग गरिको छ । यहाँ परिस्कृत भइनसकेको लयको प्रयोग गरिएको छ । यहाँ कतै कतै मुक्तकीय ढाँचाको लयको प्रयोग पनि गरिएको छ । यस कविता सङ्ग्रहका कतिपय कविता लोकलयको छिटफुट प्रयोग पनि गरिएको छ । तर त्यस आधारमा भन्दा पनि गद्यलयका कविताहरूको बढी आधिक्यता रहेकाले कवितामा बढी मात्रामा गद्यलयकै प्रधानता रहेको पाइन्छ ।

**परिच्छेद : पाँच**

# सुनामी कविता सङ्ग्रहको भाषाशैली

## ५.१ विषय परिचय

भावभिव्यक्तिको प्रमुख माध्यम नै भाषा हो । आफूमा निहित अन्तर्भावलाई प्रकाशन गर्ने सन्दर्भमा कवित भाषालाई साधन बनाउँछन् । कविले आफ्नो अभिरूचि अनुरूप भाषिक स्तर छनोट गरेकी पाइन्छ । कविताको भाव र कथ्यगत प्रवृत्तिका आधारमा भाषिक स्तर छनोट हुने गर्छ । प्रयोगवादी कविताको भाषा र अन्य कविताको भाषामा निश्चय नै भिन्नता देखा पर्दछ । यसरी हेर्दा कविताको रूचि भावगत विशिष्टता प्रवृत्ति र शैलीका आधारमा कविताको भाषामा विविधता हुने गर्छ । कवि भवानी थापाको **सुनामी** कविता सङ्ग्रहभित्र कविताहरूमा भावगत शैलीगत प्रवृत्तिगत विविधता देखिएकाले यिनैको परिणाम स्वरूप भाषागत विविधता देखापर्दछ । केही कविताहरू प्रेमप्रणयमूलक भावभूमिमा संरचति छन् । तसर्थ कवि यस्ता खाले कवितामा कोमल र अक्लिन्ट पदावलीयुक्त शैलीलाई समेत अपनाइएको पाइन्छ । साध्यका आधारमा कवि भवानीले साधन रूप भाषाको चयन गरेका छन् । तसर्थ यस सङ्ग्रहमा कविताका भाषा प्रयोगमा विविधता देखापर्दछ ।

## ५.२ भाषाशैली

प्रस्तुत कविता सङ्ग्रहमा कविताहरूको भाषा प्रयोगलाई हेर्दा कवितामा भाषिक प्रयुक्तिका लागि छनोटगत विविधता देखिन्छ,नोटको प्रमुख आधार कविताको केन्द्रीय कथ्य तथा भाव भएको पाइन्छ । विषय, भाव, शैली र प्रवृत्ति कविताको स्वत्वका आधारमा शब्द भण्डारगत पदावली छनोट, त्यसमा पनि क्लिष्ट  विम्बालङ्कार विधान र अलङ्करण कौशल कवितामा प्रयोग गरिएका छन् । तसर्थ भाषिक प्रयुक्तिमा शैलीगत विविधता भवानीका यस सङ्ग्रहका कविताका विशेषता हुन् ।

भवानी थापाको **सुनामी** कविता सङ्ग्रहका केही कविताहरूमा सरल, अक्लिष्ट र सरस भाषाको प्रयोग गरिएको छ । यस्ता कविताहरूमा ‘यो तीज हो’, ‘मेरो राजधानी’,

'प्रजातन्त्र', 'राष्ट्रियता चाहिन्छ', 'मेरो देश', 'शहीदको सम्झना' आदि पर्दछन् र यिनीहरूमा सामान्य प्रचलित किसिमको भाषिक प्रयुक्ति देखापर्दछ, जस्तै :

यो तीज हो

घरबाट माइत जाने दिन

माइतमा रमाइलो गर्ने दिन

खुसी रहेर र उन्मादमा

उन्मुत्त भरेर हाँस्ने दिन (थापा, २०५६:५)

यी कविताहरूमा तद्भव र नेपाली झर्रा शब्दहरूको आधिक्य देखा पर्दछन् । तत्सम र क्लिष्ट, दीर्घ समासयुक्त पदावलीको प्रयोग नगण्य नै देखिन्छ भने अप्रचलित आगन्तुक शब्दहरूको प्रयोग पनि शून्यप्रायः देखिन्छ ।

यसरी यस्ता खाले कवितामा पठनपछि अर्धवोधका लागि जुनसुकै स्तरको पाठकलाई पनि अप्ठ्यारो महसुस नभई तत्काल अर्धबोध तथा काव्यिक सरसता प्राप्त हुन्छ । यसकारण यी कविताहरूमा सुन्ने बित्तिकै अर्थबोध हुने प्रसादगुणको आधिक्य देखा पर्दछ । शैलीगत उत्कृष्टताका लागि अखण्डनीय उपकरणहरूको न्यूनता यी कवितामा देखिन्छ । शैलीगत मिठास तथा भावगत उत्कृष्टताका लागि कवितामा विचलन र चयन आवश्यक हुने गर्दछ । यी कविताहरूमा यस किसिमको विशेषता देखा पर्दैन । यहाँ कविले प्रतीकात्मक, अन्योक्तिमूलक आदी कुनै किसिमले कथ्य प्रस्तुत गरी काव्यातमक उच्चता प्राप्त गर्ने अभिष्ट राखेको देखिँदैन । विम्ब, प्रतीक र अताङकारको प्रयुक्ति शैलीगत उतकृष्टताको लागि नभएर केवल कथ्यगत निर्वाहका लागि मात्र गरिएको देखिन्छ । यहाँ कविले प्रतीक र विम्बविधानबाट अर्थका प्रच्छन्न वा गुढतत्त्वहरूलाई पगाँल्ने ध्येय नभएको देखिन्छ । यी कविताहरूमा व्यङ्ग्य त साध्य बन्न सकेको छ न साधन नै । कविताको भाषाशैलीगत उपकरणहरूको न्यूनता यी कविताहरूमा देख्न सकिन्छ । यस सङ्ग्रहका केही कविताहरूको भाषा भने केही ओजपूर्ण जस्ता पनि देखिन्छन् ।

थापाका कवितामा साधारणतया सरल किसिमको भाषाको प्रयोग भएको पाइन्छ । उनका केही कविताहरूमा ओजपूर्ण शैली पनि देखिन्छ । शब्द प्रयोगका दृष्टिले हेर्दा यहाँ आगन्तुक शब्दै आधिक्य देखिन्छ । आगन्तुकमा पनि बढी मात्रामा अङ्ग्रेजी शब्दहरूको प्रधानता देखिन्छ । अप्रचलित अङ्ग्रेजी स्रोतको शब्दहरूको अत्यधिक प्रयढोगले भाषा केही जटिल जस्तो बन्न पुगेको देखिन्छ । जस्तैः

तिमी बाठो, चतुर र औधि चलाख मान्छे

लिपिष्टक, गाजल र पाउडरको लेप लगाएर

मेरो चेतनाको भित्तो टाल्न खोज्ने

तिमी औधी चतुर भा'छ । (थापा, २०५६:१२)

कविताहरूका पङ्क्तिहरूमा यस्ता किसिमका शब्दहरूको प्रयोगले भाषा केही क्लिष्ट बन्न पुगेको छ । साधारण पाठकका लागि त यस किसिमको प्रयुक्ति बोधगम्य हुँदैन, बौद्धिक पाठकका लागि पनि माथापच्चिसी आवश्यक हुन्छ । अर्थबोधका लागि केहीबेर घोत्लिनु जस्ता सकैु पाठकको पनि विवशता हो । नवीन एवम् व्यक्तिगत विम्ब तथा प्रतीकको प्रयोगले भाषालाई प्रौढ तथा ओजिलो बनाउन खम्बाको काम गरेको छ, जस्तै :

बाटो बिराएको यात्री झैं

सबै सधैं आफैंसम्म सीमित छन्

खै : कहाँ छ कुन्नि उज्यालो !

यहाँ त केवल अँध्यारा मनहरू र

काला हातहरूसँग ठोकिन्छ

म र मेरो मन (थापा, २०५६:१६)

यस्ता नवीन एवम् व्यक्तिगत प्रयोगले कवितालाई प्रौढ बनाएको देखिन्छ साथै अलङ्करण कौशलले अर्थका नयाँ सम्भावनालाई उधारी दिएको छ र कविताले अर्थ भावगत विशिष्टता प्राप्त गरेको छ । प्रतीक र विम्बालङ्कारको यस किसिमको प्रयोगले कथ्यको असहज पक्षलाई सहज तुल्याई व्यङ्ग्यवाण प्रहार गर्ने अभीष्टमा भरथेग पुऱ्याएको छ, जस्तै :

खप्परहरू सधैँ हौसिरहकै हुन्छन्

म पनि त छाला ओठेको खप्पर न हुँ

हाँस्नमा कष्ट हुँदैन अब

निर्लज्ज हाँसो ओकाली दिन्छु

जतातर्त पोखि दिन्छु (थापा, २०५६:७८)

क्लिष्ट र ओजपूर्ण भाषाको प्रयोगले कथ्यलाई सहज रूपमा प्रस्तुत गर्न सहायता गरेको देखिन्छ । विकृतिप्रतिको व्यङ्ग्य सिधा भाषामा त्यति सक्षम बन्न सक्दैन जति ओजपूर्ण र प्रतीकात्मक विम्बात्मक भाषामा सहज हुने गर्छ । जब कवितको मनभित्रको आक्रोशले व्यङ्ग्को भ्रमलाई धारणा गर्नु पुगदछ त्यस बेला भषा सरल सपाट नभई ओजपूर्ण हनु सक्दछ । यसरी प्रौढ किसिमको भाषा नै व्यङ्ग्य साधनमा सफल देखिन्छ, जस्तै :

प्लेटमा हालेर

टेबलमा राखिएको

कुखुराको मासु जस्तो (थापा, २०५६:३४)

उपर्युक्त पङ्क्तिहरूमा शब्दहरूका पदावलीको प्रयोग देखिन्छ जुन साधारण पाठकका लागि बोधगम्य छैन । तर यस किसिमको प्रयोग अर्थगत विस्तारका लागि जति सशक्त बन्न सकेको छ त्यति नेपाली झर्रा शब्दहरूको प्रयोग समर्थ बन्न सक्ने देखिँदैन । त्यसकारण कविको यस किसिमको प्रयोग धनात्मक पक्ष नै हो भन्न सकिन्छ । त्यसैगरी भवानीको

**सुनामी** कविता सङ्ग्रहका केही कविताहरू भन्ने सरल, सहस र सुबोध्य भाषासम्पन्न देखिन्छन् ।

थापाका कतिपय कविताहरूमा ज्यादै सरल भाषाको प्रयोग भएको पाइन्छ । खासमा यी कविताहरूको भाषाले भाषाको समूचित कलात्मक किसिमको उत्कृष्ट उचाई प्राप्त गरेको छैन तर सरल, सरस र कलात्मक किसिमको प्रसाद गुणले युक्त भएकाले उच्च मध्यम स्तर भने प्राप्त गर्न सकेको छ, जस्तै :

भुइँचालो त आउँछ-आउँछ

भूगर्म यो तातेपछि

पहाड पर सर्नुपर्छ

चट्टानहरू गल्नुपर्छ

भावना यो बगेपछि

धरती डुब्छ आकाश छुन्छ

जून तारालाई चुम्दै हिँड्छ (थापा, २०५६:३७)

यस्ता पङ्क्तिहरूको समूचित विन्यासले पाठकको कविता वाचन गर्दा सहानुभूतिमा हुने प्रवाह सन्तुलित रूपमा भएको पाउँछ । अनुप्रासीय पदावलीको प्रयोगले यस्ताखाले कविताहरूमा एकातिर लयात्मकता सिर्जना भएको छ भने अर्कातिर उत्तरोत्तर रसोत्पत्ति एवम्, वाचनमा पाठकीय हतार पनि देख्न सकिन्छ । पूर्वीय मान्यताका आधारमा सुन्ने बित्तिकै अर्थबोध हुने प्रसाद गुणयुक्त रससित्म पदावली यी कविताहरूमा पाउन सकिन्छ ।

ऊ हाम्रा मान्छे मारेर

हामीलाई आतंकित पार्न खोज्थ्यो

आन्दोलका सारथिहरूलाई थुन्दै

हतोत्साको जालो फैलाउन खोज्थ्यो

वृद्ध र बालखहरूको हत्या गरेर

अत्याचारको सीमा भत्काउँथ्यो (थापा २०५६:४६)

सन्तुलित वितरणमा रहेका विविध भण्डारका शब्दहरूको कोमल विन्यासबाट मध्य कलात्मक शैली यहाँ अवलम्बन भएको पाइन्छ । गद्य कविता भए पनि व्यतिक्रमिक अन्त्यानुप्रायको प्रयोगले भयात्मक सिर्जना भएको त छ नै त्यसमाथि कविता रसात्मक समेत बन्न पुगेको छ । केही कवितामा प्रयुक्त समूचित पदावली विन्यास यस किसिमको रहेको देखिन्छ ।

कहिले छोरी बनेर चिनिएछु

कहिले पत्नी भएर थिचिएछु

कहिले आमाको आदर्शले पिसिएछु

धरतीको उपमाले बाँधिएछु

कहिले रिति र संस्कारको जाँतोमुन

कहिले धर्म र समाजको ढिकीमुनि (थापा, २०५६:८०)

यी र यस्ता पङ्क्तिको समुचित विन्यासले कुनै पनि स्तरको पाठकले कवितालाई दुर्वोध्यताको घेरामा राख्न सक्दैन ,। केही कविताहरू प्रतीकात्मक छन् तर तिनीहरूले अर्थका प्रच्छन्न बोकेका छन् तर पाठकलाई अभिधार्थमा पूर्णता प्रशस्त हुन्छ । पाठकले अर्थका सबै तहलाई पर्गेल्न नसके पनि उसले काव्यात्मक रसास्वादन भने प्राप्त गर्दछ । भाषाको समुचित प्रयोगले रसास्वादनमा व्यवधान होइन थप मद्दत गरेको देखिन्छ । तत्सम, तद्भव र आगन्तुक मध्ये यही स्रोतको शब्द प्रयोग गर्न कविलाई कुनै हिचाकिचाहट भएको देखिँदैन । शब्दस्रोतमा भन्दा कवि भावोत्पतिमा तल्लीन भएको देखिन्छ । विम्ब र प्रतीकको प्रयोगमा कविले कुनै किसिमको असहजता उत्पन्न हुन दिएका छैनन् । विम्ब प्रतीकको

प्रयोगले पाठकलाई सोझै भाषा मार्फत प्रसङ्ग सत्यमा अवतरण गराउँछ । परम्पारित विम्ब र प्रतीकको आयोजनामा कमी महसुस गर्दै नवीन विम्ब र प्रतीक प्रयोगतर्फ पनि कवि लागेको देखिन्छ । जसले भाषिक स्तर अझ विशिष्ट र आलङ्कारिक बन्न पुगेको छ । यसरी सरल, सरस र सुवोध किसिमका शब्द प्रयोगले कलात्मक रोचक र सुन्दर उच्चमध्यम भाषिक शैली यी कविताहरूमा निर्मित भएको देखिन्छ ।

प्रस्तुत कविता सङ्ग्रहभित्रका केही कविताहरूमा भने उच्च किसिमको भाषा प्रयोग भएको देखिन्छ । उनका कविताहरूमा उच्च कलात्मक किसिमको भाषाको प्रयोग गरिएको पाइन्छ । तत्सम, वहुल शब्दहरू प्रयुक्त छन् तसर्थ पनि भाषिक स्तरियता कायम भएको छ, जस्तै :

विश्वासले विश्वास काट्न खोज्दा

अविश्वास फैलिएर जान्छ

जब आशाको बगर भिजाउँदै

निराशाको बाढी उर्लिन थाल्छ

तब मृत्यु प्यारो लाग्न थाल्छ

माथि प्रयोग भएका विश्वास, अविश्वास, आशा, निराशा, मृत्यु जस्ता तत्सम शब्दहरूको अधिक प्रयोग कविताका लागि महत्त्वपूर्ण पक्ष मानिन्छ किनकी तत्सम शब्दहरू आफैँमा व्यापक अर्थका धनी देखिन्छन् । कवितामा थोरैमा धेरै भन्नुपर्ने लेखकीय बाध्यता हुने गर्दछ । तसर्थ तत्सम शब्द प्रयोग कविताको विशिष्ट पक्ष हो ।

साथै कोलम शब्दहरूको प्रयोगले लय सिर्जनामा र भावसिर्जनामा उत्कृष्टता थपेको भने अवश्य नै छ । व्यक्ति क्रमिक अन्त्यानुप्रासको प्रयोगले भाषालाई अझ उच्चता प्रदान गर्न सकेको छ । हामी कविताको भाषामा पनि शब्दभण्डारको सन्तुलित प्रयोगले भाषाशैलीगत उच्च कलात्मक शैलीको निर्माण हुन पुगेको छ । तत्सम शब्द बाहुल्यता यस कविताको भाषामा पाउन सकिदैन तर जुन शब्दस्रोतको शब्द उपयुक्त छ त्यस्तै समूचित

शब्दविन्यास यहाँ भएको छ । रूपकात्मक तथा सादृश्यात्मक विम्बको यथेष्ट प्रयोग यहाँ भएको देखिन्छ । अलङ्कारको यथेष्ट प्रयोगले भाषिक विशिष्टताका साथै व्यङ्ग्य साधनमा पनि सहयोग पुऱ्याएको छ, जस्तै :

बजाउन नजान्ने

मानिसको हातमा

राखि दिएर मादल

सुर-तालको आशा गर्ने

म मूर्ख मान्छे ! म लाटो मान्छे ! (थापा, २०५६:८३)

यसरी कविले एउटै शब्दको भिन्न किसिमको प्रयोगबाट अर्थमा विविधता र विशिष्टता सिर्जना गरेको छन् । शब्दलाई खेलाई पृथक पृथक अर्थ प्रादन गराउने कविको खुबी यहाँ देखिन्छ । यस्तै केही कवितामा व्यङ्ग्यका कारणले पनि भाषिक उच्चता प्राप्त भएको पाइन्छ । यस्ता कवितामा समूचित शब्द भण्डारको प्रयोग विम्बालङ्कारको सम्यक, विधान, व्यक्तिक्रमिक अन्त्यानुप्रसाको प्रयोगले भाषालाई उच्चता प्रदान गरेको छ । साधारण शब्द विन्यासका चरम व्यङ्ग्यको उपस्थापन कविले प्रस्तुत गरेका छन् । जस्तै :

पाण्डवहरूको विजयमा दुखःवोध हुन नपाउँदै

अन्तस्करणले हार महसुस गर्न नभ्याउँदै

सम्मानित हुन्छन्, पुरस्कृत हुन्छन् कौरवहरू

रक्त मैदानबाट घर फर्केर

उन्मुक्त हाँसो हाँस्न नभ्याउँदै

अपमानित र तिरस्कृत हुन्छन् अर्जुनहरू

अर्जुनहरू हो ! (थापा, २०५६:७१)

कोमल किसिमका तद्‌भव पदावलीको अधिकतमबाट अथवा सरल, सहज भाषामा प्रतीकात्मक अभिव्यक्ति दिन सक्नु कवि भवानीको विशिष्टता हो । यी कविताहरूमा प्रतीकात्मकता लागि भाषालाई क्लिष्टता प्रदान नगरी साधारण सहज बोध्य भाषामार्फत प्रतीकात्मक अभिव्यक्ति प्रदान गरिएको छ । यी कविताहरूमा भाषिक उच्चता एवम् शैलीगत विशिष्टताका लागि विचलन युक्त पदावलीको प्रयोग गरिएको देखिन्छ । यस किसिमको प्रयोगले एकातिर पाठकलाई कविताको वाचनमा आनन्दानुभूति हुन्छ भने अर्कातिर अर्थभावगत विशिष्टता पनि त्यसले निम्त्याएको छ, जस्तै :

मन नभएका रोवर्टहरू सामु

अनुनय, विनय र अनुरोधको

कुनै अर्थ रहँदैन

रोवर्ट अथवा फलाम

मार्तोल र छेनीको भाषा मात्र बुभ्दछन्

ढुङ्गाहरूकै भाषा बुभ्दछन्

मान्छेहरू र मान्छेका मनहरू

जब ढुङ्गा र फलामसँग ढोकिन्छन् (थापा, २०५६:७२)

यसरी कोमल ललित कान्ति गुणमय पदावलीको प्रयोग नै उच्च शैली निर्माणको आधार बनेको छ । उपमा रूपकादि अलङ्कारको समुचित विन्यास, व्यतिक्रमिक आन्त्यानुप्रासिय पदावली प्रयोग, कान्ति गुणयुक्त कोमल व्यक्ति शब्दविन्यास, विचलन र समानान्तरता उच्च शैलीका कविताका भाषा प्रयोगमा देखिने विशिष्ट पक्ष हुन् ।

यसरी हेर्दा पूर्व तथा पश्चिम दुवैतिर वाच्यार्थ भन्दा भिन्न अर्थात् ध्वन्यातमकताका अर्थाम र समाजमा व्याप्त विसङ्गतिम माथि प्रहार गर्ने अर्थमा व्यङ्ग्यलाई प्रयोग गरिएको पाइन्छ । कवि भवानी थापाको प्रस्तुत सङ्ग्रहका कविताहरूमा पनि दुवै थरी व्यङ्ग्य पाइन्छ । समकालिन समाज एवम् विश्वभरि व्याप्त विसङ्गतिप्रतिको प्रहार नै उनको महत्त्वपूर्ण कवितात्मक विशेषता तथा पहिचान हो । भवानीका कवितामा भएका व्यङ्ग्यहरू मध्ये केही मुख्य पक्षहरूलाई निम्नालिखित भिन्नाभिन्नै उपशीर्षकमा प्रस्तुत गरिएको छ । कवि भवानीले आफ्ना कविताहरूमा मानिसमा समान रूपमा सम्पन्नता नभएको कुरालाई मार्मिक ढङ्गले दुई वर्गमा विभाजित छ र हुँदाखानेहरू सधैँ नै आफ्नो जीवनभर पसिना बगाएर दुःखका दिन गुजार्न बाध्य छन् भने हुने खानेहरू सधैँभरि ऐस आराममा व्यक्त छन् । गरिबहरूका लागि सुख र सन्तुष्टि कहिले पनि आउन नसकेको तीतो सत्यलाई कविले आफ्ना कवितामा व्यङ्ग्यात्मक तरिकाले सङ्केत गरेकी छन् ।

## ५.३ निष्कर्ष

यसरी हेर्दा भवानी थापाको प्रस्तुत सङ्ग्रहका कविताहरूको भाषा प्रयोगलाई हेर्दा कवितामा भाषिक प्रयुक्तिका लागि छनोटगत विविधता देखिन्छ,नोटको प्रमुख आधार कविताको केन्द्रीय कथ्य तथा भाव भएको पाइन्छ । विषय, भाव, शैली र प्रवृत्ति कविताको स्वतन्त्रताका आधारमा शब्द भण्डारगत पदावली छनोट, त्यसमा पनि क्लिष्ट उपर्युक्तता, विम्बासङ्कार विधान र अलङ्करण कौशल कवितामा प्रयोग गरिउका छन् । तसर्थ भाषिक प्रयुक्तिमा शैलीगत विविधता भवानीका यस सङ्ग्रहका कविताका विशेषता हुन् । तत्सम र क्लिष्ट, दीर्घ समासयुक्त पदावलीको प्रयोग नगन्य नै देखिन्छ भने अप्रचलित आगन्तुक शब्दहरूको प्रयोग पनि शून्यप्रायः देखिन्छ ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## ६. १ विषय परिचय

नेपाली साहित्यको क्षेत्रमा विशेष गरी कविता सङ्ग्रह क्षेत्रबाट कलम चलाई साहित्यमा प्रवेश गरेका साधक भावानी थापाको जन्म वि.सं. २०१७ साउन २० गते भोजपुर जिल्ला टक्सार गा.वि.स.मा भएको हो । उनका बुबा चन्द्र बहादुर र आमा उमा कार्की हुन् । थापाले औपचारिक रूपमा कक्षा दससम्मको अध्ययन पुरा गरेको देखिन्छ । सानैदेखि कथा, कविता, निबन्ध लेखनमा रुचि राख्ने थापाका वि.सं. २०५६ सालमा **सुनामी** कविता सङ्ग्रह नै पहिलो प्रकाशित कृति हो ।यस परिच्छेदमा शोधकार्यको परिच्छेदगत उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ । परिच्छेदगत उपसंहारमा परिच्छेदका विषय र विश्लेषणको सार सङ्क्षेप प्रस्तुत गरिएको छ र निष्कर्षमा सम्पूर्ण शोधकार्यको सारलाई निष्कर्षका रूपमा बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ६.२ उपसंहार

प्रस्तुत शोधपत्रको **परिच्छेद एक** अर्न्तगत शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समास्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङकन, सामग्री सङ्कलन, सैद्धान्ति ढाँचा र शोधविधि तथा शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो दुई** अन्तर्गत कविताको सैद्धान्तिक स्वरूप र तत्त्वहरूका बारेमा चर्चा गरिएको छ । यस क्रममा कवि र कवितासम्बन्धी अवधारणाको चर्चा गरिएको छ । यस क्रममा कविताको सैद्धान्तिक स्वरूप, कविता सम्बन्धी पूर्वीय चिन्तन, कविता सम्बन्धी पाश्चात्य चिन्तन, कविता सम्बन्धी नेपाली विद्वानहरूको चिन्तनका बारेमा चर्चा गरिएको छ । कविताका तत्त्वहरूको चर्चा गर्ने क्रममा कविताको विषयवस्तु, मूल भाव/विचार, छन्द र लय, विम्ब र प्रतीक,  कथन पद्धति, अलङ्कार,  भाषाशैली र शीर्षक विधानका बारेमा चर्चा गरिएको छ । यहाँ कविताको स्वरूपका बारेमा चर्चा गर्ने क्रममा कविताका विविध रूप,

कविताको लघुतमरूप, कविताको लघुरूप, कविताको वृहत् रूप, कविताको वृहत्तर रूप, कविताको मझौला रूप (खण्डकाव्य)का बारेमा चर्चा गरिएको छ ।

**परिच्छेद तिन**मा **सुनामी** कविता सङ्ग्रहको भावविधानका बारेमा चर्चा गरिएको छ । यस क्रमको चर्चा गर्ने क्रममा नेपाली समाजका विसङ्गत अवस्थालाई कथ्य बनाइएका कविता, नारी समस्या सम्बन्धी कथ्य रहेको कविताहरू, प्रेम-प्रणयलाई कथ्य बनाइएका कविताहरू, मानवीय जीवनका विभिन्न पक्ष र भाव सम्बद्ध कविताहरू, विद्रोहको भाव व्यक्त भएका कविता, श्रद्धाभाव व्यक्त भएका कविताहरू, मानवलाई कथ्य बनाइएका कविताहरू, विवशता वा बाध्यता नै कथ्य भएका कविताहरू, मुख्य रूपले प्रकृतिको चित्रण गरिएका कविता जस्ता उपशीर्षकका आधारमा कविताहरूको विश्लेषण गरिएको छ । उपयुक्त भाव वा कथ्यका अतिरिक्त पनि सङ्ग्रहमा उत्साह, त्रास, करूणा, वात्सल्य, क्रान्ति नैराश्य आदि अनेकौं भाव पाउन सकिन्छ । भावगत विविधतालाई समेट्न सकेको कविता सङ्ग्रहले वैचारिक पक्षलाई अत्यन्त सफल रूपले कवितामा ढालेको देखिन्छ । समग्रमा कथ्य वा भाव विधानका दृष्टिले 'सुनामी' कविता सङ्ग्रह अत्यन्तै सशक्त र प्रनावोत्तेजक देखिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार**मा भावनी थापाका **सुनामी** कविता सङ्ग्रहको लय विधानको विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत कविता सङ्ग्रहका कवितालाई लयका विभिन्न आधारबाट विश्लेषण गरिएको छ । यस क्रममा प्रस्तुत कविता सङ्ग्रहका कवितामा विशेष गरेर गद्यलयको प्रयोग गरिएको छ । यहाँका सबैजसो कवितामा असमानुपातिक वितरण ढाँचाका पङ्क्ति विधान भएको लयको प्रयोग गरिएको छ । यहाँ कोमल ढाँचाका अन्त्यानुप्रास विहीन शब्दहरूको प्रयोग गरिएको छ । यसले गर्दा प्रस्तुत कवितामा त्यति धेरै शसक्त लयको प्रयोग भएको छैन । यहाँ सिकारु किसिमको मुक्त लयको बढी प्रयोग गरिको छ । यहाँ परिस्कृत भइनसकेको लयको प्रयोग गरिएको छ । यहाँ कतै कतै मुक्तकीय ढाँचाको लयको प्रयोग पनि गरिएको छ । यस कविता सङ्ग्रहका कतिपय कविता लोकलयको छिटफुट प्रयोग पनि गरिएको छ । तर त्यस आधारमा भन्दा पनि गद्यलयका कविताहरूको बढी आधिक्यता रहेकाले कवितामा बढी मात्रामा गद्यलयकै प्रधानता रहेको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद पाँच**मा प्रस्तुत कविता सङ्ग्रहका कविताको भाषा शैलीको विश्लेषण गरिएको छ । त्यस क्रममा भाषाका बिभिन्न पक्षबाट प्रस्तुत कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । यसक्रममा प्रस्तुत कविता सङ्ग्रहका कवितामा भाषिक प्रयुक्तिका लागि छनोटगत विविधता देखिन्छ,नोटको प्रमुख आधार कविताको केन्द्रीय कथ्य तथा भाव भएको पाइन्छ । विषय, भाव, शैली र प्रवृत्ति कविताको स्वतन्त्रताका आधारमा शब्द भण्डारगत पदावली छनोट, त्यसमा पनि क्लिष्ट उपर्युक्तता, विम्बासङ्कार विधान र अलङ्करण कौशल कवितामा प्रयोग गरिउका छन् । तसर्थ भाषिक प्रयुक्तिमा शैलीगत विविधता भवानीका यस सङ्ग्रहका कविताका विशेषता हुन् । तत्सम र क्लिष्ट, दीर्घ समासयुक्त पदावलीको प्रयोग नगन्य नै देखिन्छ भने अप्रचलित आगन्तुक शब्दहरूको प्रयोग पनि शून्यप्रायः देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**परिच्छेद छ**मा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ र अन्तमा संभाव्य शोध शीर्षक पनि प्रस्तुत गरिएको छ ।

## ६.३ निष्कर्ष

थापाका 'सुनामी' कविता सङ्ग्रहका कविताहरू अत्यन्त प्रभावकारी ढङ्गबाट आफ्ना भाव प्रस्तुत गर्न सफल देखिन्छन् । उपयुक्त भाव वा कथ्यका अतिरिक्त पनि सङ्ग्रहमा उत्साह, त्रास, करूणा, वात्सल्य, क्रान्ति नैराश्य आदि अनेकौं भाव पाउन सकिन्छ । भावगत विविधतालाई समेट्न सकेको कविता सङ्ग्रहले वैचारिक पक्षलाई अत्यन्त सफल रूपले कवितामा प्रयोग भएको देखिन्छ । कविता सङ्ग्रहका अधिकांश कविता क्रान्ति र विद्रोहको वैचारिक धरातलमा अडिएकाले नै सायद कवि भवानी थापाले यस सङ्ग्रहको शीर्षक पनि 'सुनामी' दिएकी छन् । शीर्षकबाटै पनि यस कविता सङ्ग्रह विद्रोह र क्रान्तिको स्वर हो भन्ने स्पष्ट बुझिन्छ । समग्रमा कथ्य वा भाव विधानका दृष्टिले 'सुनामी' कविता सङ्ग्रह अत्यन्तै सशक्त र प्रभावोत्तेजक देखिन्छ । प्रस्तुत कविता सङ्ग्रहका कवितामा विशेष गरेर गद्यलयको प्रयोग गरिएको छ । यहाँका सबैजसो कवितामा असमानुपातिक वितरण ढाँचाका पङ्क्ति विधान भएको लयको प्रयोग गरिएको छ । यहाँ कोमल ढाँचाका अन्त्यानुप्रास विहीन शब्दहरूको प्रयोग गरिएको  छ । यसले गर्दा प्रस्तुत कवितामा त्यति धेरै शसक्त लयको प्रयोग भएको छैन । यहाँ सिकारु किसिमको मुक्त लयको बढी प्रयोग गरिको छ । यहाँ

परिस्कृत भइनसकेको लयको प्रयोग गरिएको छ । यहाँ कतै कतै मुक्तकीय ढाँचाको लयको प्रयोग पनि गरिएको छ । यस कविता सङ्ग्रहका कतिपय कविता लोकलयको छिटफुट प्रयोग पनि गरिएको छ । तर त्यस आधारमा भन्दा पनि गद्यलयका कविताहरूको बढी आधिक्यता रहेकाले कवितामा बढी मात्रामा गद्यलयकै प्रधानता रहेको पाइन्छ । यसरी हेर्दा भवानी थापाको प्रस्तुत सङ्ग्रहका कविताहरूको भाषा प्रयोगलाई हेर्दा कवितामा भाषिक प्रयुक्तिका लागि छनोटगत विविधता देखिन्छ । विषय, भाव, शैली र प्रवृत्ति कविताको स्वतन्त्रताका आधारमा शब्द भण्डारगत पदावली छनोट, त्यसमा पनि क्लिष्ट उपर्युक्तता, विम्बारङ्कार विधान र अलङ्करण कौशल कवितामा प्रयोग गरिएका छन् । तसर्थ भाषिक प्रयुक्तिमा शैलीगत विविधता भवानीका यस सङ्ग्रहका कविताका विशेषता हुन् । तत्सम र क्लिष्ट, दीर्घ समासयुक्त पदावलीको प्रयोग नगन्य नै देखिन्छ भने अप्रचलित आगन्तुक शब्दहरूको प्रयोग पनि शून्यप्रायः देखिन्छ । जीवनका रोदन, पीडा, छटपटी तथा कारुणिकता प्रस्तुत गरिएको छ भने कतै प्रेमका रमाइला प्रसङ्गहरू पनि प्रस्तुत गरिएको छ । यहाँ ज्यादै सरल किसिमको भाषा तथा शैलीको प्रयोग गरिएका कविताहरू सङ्कलित रहेका छन् । कविता लेखनमा प्रवेश गर्नु नै थापाको प्राप्ती भएकाले प्रस्तुत कविता सङ्ग्रहका कविता सामान्य किसिमका नै रहेका छन् । यसरी हेर्दा उनका थापाका कवितामा विषेश गरेर मूलभाव, लय र भाषाशैली मध्ये मूलभावमा विशेष मौलिकता पाइन्छ । उनका कवितामा नेपाली समाजका विसङ्गत अवस्था, राष्ट्रियता, नारी समस्या, मानवीय स्वतन्त्रता, प्रेम-प्रणय, मानवीय जीवनका विभिन्न पक्ष र भाव, विद्रोह, मानवीय  विवशता वा बाध्यता र प्रकृति चित्रण जस्ता भावलाई मूल कथ्य बनाइएको छ । उनका कवितामा विशेष गरी गद्यलय र आंशिक रूपमा गीति लयको प्रयोग गरिएको छ । उनका कविता मूलतः सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

## ६.४ संभावित शोधशीर्षक

भवानी थापाको कविताका बारे अध्ययन गर्न चाहने शोधकर्ताहरूका लागि सम्भाव्य शोध शीर्षक यस प्रकार देखिन्छन् :

(क) भवानी थापाका कवितामा नारी चेतना

(ख) भवानी थापाका कवितामा प्रगतिवादी चेतना

# सन्दर्भ समग्री सूची


अवस्थी, महादेव, (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद, (२०६१) **पूर्वीय साहित्य सिद्धान्त**, चौ. सं., ललितपुर : साझा प्रकाशन ।

कार्की, पृथ्वीकुमार (२०६१) 'साहित्यकार भवानी क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', स्नातकोत्तर अप्रकाशित शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

घिमिरे, माधवप्रसाद, (२०३९) (सम्पा.), **पच्चीस वर्षका खण्डकाव्य**, काठमाडौँ : ने. रा. प्र. प्र. ।

त्रिपाठी, वासुदेव र अन्य, (२०६०) (सम्पा.), **नेपाली कविता भाग ४**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु, (२०५७). **साहित्य परिचय**, पाँ. सं., काठमाडौँ : साझा प्रकाशन ।

थापा, भवानी (२०३९). बुद्धले बन्दुक माग्ने छन् (सृष्टि, वर्ष १ अङ्क १) ४ ।

........ (२०५६). **सुनामी** कविता सङ्ग्रह. झापा : भवानी थापा ।

न्यौपाने, टङ्क, (२०३८) **साहित्यको रूपरेखा**, काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य, (२०६०) (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पुनर्मुद्रित, काठमाडौँ : ने. रा. प्र., प्र. ।

पोखेल, भानुभक्त, (२०४९) **साहित्य र सिद्धान्त**, दो. सं., काठमाडौँ : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६०) **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने. रा. प्र. प्र.।

सरुभक्त (२०३५) बन्दखाम भित्र. पोखारा : युवा नाटक परिवार ।

सुवेदी, अभि (२०३०). **पाश्चात्य काव्यसिद्धान्त.**काठमाडौः ने.रा.प्र.प्र. ।